वर्ष : १३, अंक : २०, काठमाडौं, २०७४ भाद्र ९ गते शुक्रबार 25 August 2017, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

**पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस्।**

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com

## राजपा साइकल लिएर चुनाव लड्ने



काठमाडौं । लामो समयदेखि आन्दोलनरत राष्ट्रिय जनता पार्टी नेपालले संविधान संशोधन असफल भए पनि राजपाले उठाएको मुद्दा स्थापित भएको भन्दै सबै निर्वाचनमा भाग लिने औपचारिक निर्णय गरेको छ ।

२ दिनसम्म चलेको पदाधिकारी बैठकका निर्णय सार्वजनिक गर्न बबरमहलस्थित केन्द्रीय कार्यालयमा पत्रकार सम्मेलन गर्दै राजपाले आफ्नो मुद्दा स्थापित भएको भन्दै निर्वाचनमा जाने निर्णय गरेको हो ।



**"साइकल छाप निर्वाचन चिन्ह माग्ने भएका छौं । हामी निर्वाचनमा आफैं संगठित भएर जान्छौं" – महन्थ ठाकुर**

'हाम्रो मुद्दामा ६४ प्रतिशत सांसदले साथ दिएका छन् । त्यसैले हामी स्थानीयदेखि सबै निर्वाचनमा जोडदार उपस्थिति देखाउँछौं,' पत्रकार सम्मेलनमा बोल्दै अध्यक्ष मण्डलका सदस्य राजेन्द्र महतोले भने ।

राजपाले उम्मेदवारी तय र निर्वाचन चिन्हबारे पनि सम्बोधन गरेको छ। उसले साइकल छाप चुनाव चिन्हबाट चुनाव लड्ने निर्णय गरेको छ ।

**"हाम्रो मुद्दामा ६४ प्रतिशत सांसदले साथ दिएका छन् । त्यसैले हामी स्थानीयदेखि सबै निर्वाचनमा जोडदार उपस्थिति देखाउँछौं" – राजेन्द्र महतो**



'साइकल छाप निर्वाचन चिन्ह माग्ने भएका छौं । हामी निर्वाचनमा आफैं संगठित भएर जान्छौं,' अध्यक्ष मण्डलका संयोजक महन्थ ठाकुरले भने, 'स्थानीय स्तरमा तालमेलको प्रयास हुनसक्छ ।' पहिलो र दोस्रो चरणको निर्वाचनमा संविधान संशोधन नभएसम्म सहभागी नहुने अडान राजपाले राखेको थियो । तर, भदौ ५ गते संविधान संशोधन संसदबाट फेल भएपछि राजपा चुनावमा भाग लिने कि नलिने भन्ने अन्यौलमा परेको थियो । दुई दिनसम्म भएको राजपाको पदाधिकारी बैठकमा बोल्ने अधिकांश पदाधिकारीहरूले निर्वाचनमा भाग लिनुपर्ने धारणा राखेका थिए ।

राजपाले विधेयकको विपक्षमा उभिएका राजनीतिक दललाई 'लोकतन्त्र विरोधी, विभेदकारी र एकताविरोधी' को संज्ञा दिएको छ ।

## किन विफल भयो संशोधन विधेयक ?



काठमाडौं । नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्र गठबन्धन नेतृत्वले पेस गरेको संविधान संशोधन (दोस्रो संशोधन) विधेयक विफल भएको छ । विधेयक अनुमोदन गराउन सोमबार संसद्मा भएको मतदानमा ४८ मत जुटाउन नसक्दा नेपालको संविधान संशोधन प्रयास विफल भएको हो । विधेयकका पक्षमा ३ सय ४७ मत र विपक्षमा २ सय ६ मत खसेको थियो । उक्त संशोधन पास गराउन सत्तारूढ दलले ३ सय ९५ मत जुटाउनुपर्ने थियो ।

गत चैत २९ गते दोस्रोपटक पेस गरेको संविधान संशोधन प्रस्ताव चार महिना लामो रस्साकस्सी पछि मतदानमा लगिएको हो ।

संविधान संशोधन विधेयकमाथि परेका अन्य ४९ वटा संशोधन पनि अस्वीकृत भएका छन् ।

संसद् बैठकमा संविधान संशोधन विधेयक निर्णयार्थ पेस गर्दा कुल ५ सय ९२ सांसदमध्ये ५ सय ५३ उपस्थित थिए । संसद् सचिवालयका अनुसार ३९ सांसद अनुपस्थित थिए ।

मधेशी दलका माग सम्बोधन गर्न भन्दै सरकारले गत चैत २९ गते संशोधन विधेयक दर्ता गराएको थियो । कांग्रेस र माओवादी गठबन्धनले मंसिर १० गते पेस गरेको संविधान संशोधनमा चौतर्फी विरोध भएपछि उक्त प्रस्ताव फिर्ता लिएर चैत २९ गते नयाँ प्रस्ताव दर्ता गरिएको थियो ।

प्रधानमन्त्री निर्वाचनका क्रममा शेरबहादुर देउवाले ३ सय ८८ मत पाएका थिए । तर देउवा सरकारले पेस गरेको संशोधनमा भने त्यो भन्दा ४१ कम मत आएको छ ।

२०७२ असोज ३ गते संविधान जारी भएपछि संविधान संशोधन गर्नुपर्ने भन्दै मधेसी दलले आन्दोलन गर्दै आएका थिए । २०७२ असोजमा केपी ओली सरकारको नेतृत्वले पहिलो पटक संविधान संशोधन पारित गराएको थियो । त्यसपछि पुष्पकमल दाहाल नेतृत्वको सरकारले पेस गरेको संविधान संशोधन प्रस्ताव पनि विफल भएको थियो ।

**अबको बाटो**

राष्ट्रिय राजनीतिमा दूरगामी अर्थ राख्ने दुइटा महत्त्वपूर्ण घटनाहरू हालै भएका छन् । त्यसमा एउटा व्यवस्थापिका-संसद्मा लामो समयदेखि विचाराधीन अवस्थामा रहेको संविधान संशोधन विधेयकलाई निर्णयार्थ मतदानमा लगिएको घटना थियो भने अर्कोचाहिं केन्द्र र प्रदेशको निर्वाचन मिति तोक्ने मन्त्रिपरिषद्को निर्णय थियो । चुनावको तिथि तोकिहाल्ने र संविधान संशोधन विधेयकलाई टुंगोमा पुर्‍याइहाल्ने सम्बन्धमा देखापरेको संशय तोड्ने ढंगले सत्तापक्ष अगाडि आउनु सकारात्मक छ । अबको चुनौती भनेको आसन्न निर्वाचनलाई सफल ढंगले आयोजना गर्नु हो ।

पछिल्लोपटक गत चैतमा संसदमा दर्ता गरिएको संविधान संशोधन विधेयक राजनीतिक जोड-घटाउलाई दृष्टिगत गर्दै यसअघि निर्णयार्थ पेस गरिएको थिएन । खासगरी सत्तारूढ कांग्रेस र माओवादी एवम् मधेसी दलहरू मात्रको संसदीय शक्तिबाट उक्त संशोधन सम्भव थिएन । प्रमुख प्रतिपक्षी एमाले त्यसको विपक्षमा उभिने प्रस्टै थियो । परिणाम एमालेले चाहेको जस्तै भयो । विधेयकको पक्षमा दुईतिहाइ मत जुट्न नसकेपछि त्यो पारित हुन सकेन । आफूले अगाडि सारेको संविधान संशोधन प्रस्ताव विफल हुँदा निश्चय पनि सरकारका सामु नैतिक प्रश्न तेर्सिएको छ । तर, अहिले राजनीतिक शक्ति सन्तुलनको विषय त्यसभन्दा प्रमुख बन्न पुगेको छ । एमालेले कुनै हालतमा समर्थन नगर्ने प्रस्ट भएपछि त्यसलाई लम्ब्याइरहनुको कुनै औचित्य थिएन । तसर्थ विधेयक विफल हुन्छ भन्ने थाहा पाउँदापाउँदै सत्तापक्ष मतदानमा गएको देखिन्छ । यसले संशोधनको विषयलाई लिएर राष्ट्रिय राजनीतिमा गतिरोध उत्पन्न गरिरहने र निर्वाचनको मार्गप्रशस्त नगर्ने अवस्थाको अन्त्य गरेको छ । तसर्थ अब सत्तापक्ष, प्रतिपक्ष, मधेशी दलहरू सबैले चुनावलाई नै साझा मार्गचित्र बनाउनुपर्छ ।

सरकारले आउँदो मंसिर १० गते केन्द्र र प्रदेश दुवै तहको निर्वाचन गर्ने मिति घोषणा गरेको छ । प्रदेश नम्बर २ मा स्थगित स्थानीय तहको चुनाव पनि असोज सुरूमा हुँदै छ । यसरी हेर्दा मंसिरसम्म मुलुक निर्वाचनमय हुने देखिन्छ । संविधानमा उल्लिखित बाध्यकारी प्रावधानका कारण पनि यी चुनावहरू त्यसपछि गर्न सकिने अवस्था छैन । तसर्थ सरकारसहित सबै राजनीतिक दलहरूको ध्येय अब चुनावतर्फै केन्द्रित हुन जरूरी छ । यसमा मधेसी राजनीतिक दलहरू खासगरी राजपा र संघीय फोरमले संसद्को परिणामलाई स्विकार्दै चुनावमा जाने जुन बाटो रोजेका छन् त्यो सराहनीय छ । आफ्नोअनुकूलको राजनीतिक शक्ति सन्तुलन नहुँदा आफ्ना एजेन्डा पारित गर्न या लागू गर्न नसकिने यथार्थ सबैले बुझेकै कुरा हो । यस्तो अवस्थामा आफूले अगाडि सारेका एजेन्डालाई चुनावी नारा बनाउँदै त्यसका पक्षमा समर्थन जुटाउन जनतासमक्ष मत माग्न जानु नै हाल उपलब्ध लोकतान्त्रिक विकल्प हो ।

## प्रदेश र केन्द्रको चुनाव मंसिर १० मा

काठमाडौं । सरकारले प्रदेश र केन्द्रको निर्वाचन मंसिर १० गते एकै चरणमा गर्ने निर्णय गरेको छ । मन्त्रिपरिषद्को बैठकले दलीय सहमतिअनुसार दुवै चुनाव एकैपटक गर्ने निर्णय गरेको हो ।

सूचना तथा सञ्चारमन्त्री मोहनबहादुर बस्नेतले प्रदेश र केन्द्र सभाको निर्वाचन एकै दिन मंसिर १० गते गर्नेगरी निर्वाचन आयोगलाई मिति सिफारिस गर्ने निर्णय गरेको जानकारी दिए । 'मंसिर १० गते प्रदेश र केन्द्रको दुवै निर्वाचन एकैसाथ गर्नेगरी मिति सिफारिस गरेका छौं,' सञ्चारमन्त्री बस्नेतले भने,'संवैधानिक बाध्यताले गर्दा पनि एकैपटक दुवै चुनाव गर्न लागिएको हो ।'

प्रमुख राजनीतिक दल भने एकै चरणमा निर्वाचन गर्ने पक्षमा उभिएपछि सरकारले दलीय सहमतिकै आधारमा मिति तय गरेको हो ।

यसअघि निर्वाचन आयोगले मंसिर ४ गते हिमाली भेगसहित ३१ जिल्लामा र बाँकीमा मंसिर २१ गते चुनाव गर्न आयोगले मिति प्रस्ताव गरेको थियो ।

# संविधान संशोधन फेरि गर्ने देउवाको आश्वासन

## संविधानमा सबै पक्षलाई समेट्न मोदीको सुझाव

नयाँदिल्ली । भारत भ्रमणमा रहेका प्रधानमन्त्री शेरबहादुर देउवाले अहिले संसदमा दुई तिहाइ नपुगेर हुन नसकेको संविधान संशोधनका लागि फेरि पनि प्रयास गर्ने बताएका छन् । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँगको भेटवार्तापछि आयोजित संयुक्त पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै प्रधानमन्त्री देउवाले संविधान कार्यान्वयनका लागि केही मुद्दाहरू बाँकी रहेका र संशोधनमार्फत तिनलाई सम्बोधन गरिने बताए ।

यसपालि संसदमा दुई तिहाइ नपुग्दा संविधानमा संशोधन हुन नसकेको उनले बताए । 'संविधानलाई सर्वस्वीकार्य बनाउन भविष्यमा हामी फेरि पनि संशोधन गर्ने प्रयास गर्नेछौं,' देउवाले भने 'मलाई विश्वा छ भविष्यमा दुई तिहाइ बहुमतबाट संविधान संशोधन हुनेछ ।'

गत सोमबार संसदमा ४८ मत नपुग्दा संविधानको दोस्रो संशोधन विधयेक पारित हुन सकेको थिएन ।

भारत भ्रमणमा रहेका प्रधानमन्त्री शेरबहादुर देउवाले संखुवासभामा बन्न लागेको ९ सय मेगावाट क्षमताको अरूण तेस्रो जलविद्युत आयोजनाको शिलन्यासका लागि समकक्षी नरेन्द्र मोदीलाई निम्तो पनि दिए ।

**सुरक्षामा पार्टनसिप**

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले भारत र नेपालको सुरक्षा हित एक दोस्रोमा निर्भर रहेको बताए । प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमणका क्रममा संयुक्त पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै मोदीले रक्षा र सुरक्षा एजेन्सीबीचको सहकार्य थप आवश्यक रहेको बताएका हुन् ।

भारत र चीनबीच भुटान र चीनको सीमामा तनाव जारी रहँदा मोदीले संयुक्त पत्रकार सम्मेलनमा सुरक्षाको विषय उल्लेख गरेका हुन् ।

'सुरक्षामा सहयोग हाम्रो पार्टनसिपको सबैभन्दा मत्वपूर्ण पक्ष हो । हाम्रो सुरक्षा हित पनि एक अर्कोसँग निर्भर छ । साथै एक दोस्रोसँग जोडिएको छ । हाम्रो खुल्ला सीमाको दुरूपयोग रोक्नका लागि दुई देशका जनताको सुरक्षाका लागि हाम्रो डिफेन्स र सेक्युरिटी क्लोज कोअपरेशन महत्वपूर्ण छ', मोदीले भने ।

मोदीले संयुक्त पत्रकार सम्मेलनको सुरूवातमा नेपाली भाषामा बोल्दै भारत भ्रमणमा प्रधानमन्त्री देउवाको सहितको भ्रमण टोलीको स्वागत गरेका थिए ।



भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी(दायाँ) प्रधानमन्त्री शेरबहादुर देउवा (बायाँ )लाई हैदराबाद हाउसमा स्वागत गर्दै।

यद्यपी भारतले संविधान जारी भएयताको आफ्नो नेपाल धारणामा परिवर्तन नल्याएको मोदीको वक्तव्यबाट देखिएको छ। स्थानीय तहको निर्वाचन सम्पन्न हुनुलाई मोदीले लोकतान्त्रिक प्रक्रिया भन्दै बधाई पनि दिए। तर संविधान जारी गर्नु अघि देखिकै नेपालका सबै पक्षलाई समेट्ने विषयमा वार्ता र संवाद कायम राख्न भारतले पुन: सुझाए ।

'मलाई विश्वास छ तपाईंको कुशल नेतृत्वमा समाजका सबै वर्गसँग कुराकानी गर्ने प्रक्रिया जारी राखेर नेपाल आफ्ना सबै नागरिकको आकांक्षा समाहित गर्दै संविधानलाई सफलताका साथ लागू गर्न सक्छ', मोदीले भने ।

मोदीले नेपाल र भारतको सम्बन्ध हिमालय जत्तिकै पुरानो रहेको बताए । साथै भारत नेपालमा शान्ति स्थायीत्व र आर्थिक समृद्धिप्रति हमेसा सजग रहेको उल्लेख गरे ।

साथै प्रधानमन्त्री देउवाले अरूण ३ ए को शिलन्यासका लागि आफूलाइ निम्तो दिएको उल्लेख गर्दै आफूले निम्तो पनि स्वीकार गरेको बताए ।

भारतीय प्रधानमन्त्री मोदीले सीमा क्षेत्रमा देखिने गरेको बाढीको समस्याको स्थायी समाधान आवश्यक रहेको बताए। त्यसका लागि दुई पक्षबीच कोअर्डिनेशन र कन्सल्टेसन आवश्यक रहेको उल्लेख गरे ।

**दिल्लीमा स्वीच थिचेर प्रसारण लाइनको उद्घाटन**

भारतको पाँच दिने राजकीय भ्रमणमा रहेका प्रधानमन्त्री शेरबहादुर देउवा र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्त रूपमा स्वीच थिचेर कटैया-कुशाहा प्रसारणलाइनको उदघाटन गरेका छन् । हैदराबाद हाउसबाट दुई प्रधानमन्त्रीले संयुक्त रूपमा स्वीच थिचेर १ सय ३२ केभीए उक्त प्रसारणलाइनको उदघाटन गरेका हुन् । यो उदघाटनसँगै कटैया-कुशाहा प्रसारणलाइनबाट थप ५० मेगावाट विद्युत नेपाल आयात गर्न मिल्छ । कटैया कुशाहा १ सय ३२ केभीको प्रसारणलाइन गत फेब्रअरीमा नै निर्माण सम्पन्न भए पनि यसबाट विद्युत आयात भने भएको छैन । त्यस्तै अहिले रक्सौल-परवानीपुरको १ सय ३२ केभी प्रसारणलाइन पनि निर्माण सम्पन्न भइसकेको छ । यसबाट पनि ५० मेगावाटको विद्युत आयात गर्न सकिन्छ । यी दुवै प्रसारणलाइन भारत सरकारको अनुदानमा निर्माण भएका हुन् ।

**अरूण तेस्रो शिलान्याश गर्न मोदीलाई निम्तो**

प्रधानमन्त्री शेरबहादुर देउवाले अरूण तेस्रो जलविद्युत् आयोजनाको शिलान्याशका लागि आफ्ना भारतीय समकक्षी नरेन्द्र मोदीलाई निमन्त्रणा गरेका छन् ।

भारतीय प्रधानमन्त्री मोदीले पनि अरूण तेस्रो शिलान्याश समारोहमा नेपाल आउन नेपालका प्रधानमन्त्री देउवाले निमन्त्रणा दिएको पत्रकार सम्मेलनमा उल्लेख गरे । भारतीय कम्पनी एसजेभीएनले निर्माण गर्न लागेको ९ सय मेगावाट क्षमताको उक्त आयोजना आगामी दसैँपछि शिलान्याश गर्ने कार्यतालिका छ । भारतीय लगानीकर्ता कम्पनी एसजेभीएनले निर्माणको आवश्यक प्रक्रिया शुरू गरिसकेको छ ।

प्रधानमन्त्री देउवाले आफूले भारतीय प्रधानमन्त्री मोदीलाई अरूण तेस्रोको शिलान्याशका क्रममा नेपाल आउन आग्रह गरेको हैदरावाद हाउसमा आयोजना गरेको संयुक्त पत्रकार सम्मेलनमा बताए । भारतीय प्रधानमन्त्री मोदीले पनि अरूण तेस्रो शिलान्याश समारोहमा नेपाल आउन नेपालका प्रधानमन्त्री देउवाले निमन्त्रणा दिएको पत्रकार सम्मेलनमा उल्लेख गरे । यसअघि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले दुई पटक नेपालक भ्रमण गरेका छन् ।

### नेपाल र भारतबीच आठ सम्झौतामा हस्ताक्षर

नेपाल र भारतबीच बीच आठ बुँदे समझदारी पत्रमा हस्ताक्षर भएको छ ।

समझदारी भएका आठ बुँदा मध्ये चारवटा भूकम्प पछिको पुनर्निर्माणको बारेमा रहेको छ । भुकम्पपछिको पुनर्निर्माण सम्बन्धी बुँदामा यसअघि भारतले पुनर्निर्माणका लागि दिने भनिएको सहयोगको कार्यान्वयन सम्बन्धी रहेको छ ।

भुकम्पपछिको पुनर्निर्माणको लागि भारतले सहयोग गर्ने वचन दिएको क्षेत्रहरू शिक्षा, स्वास्थ्य, संस्कृति तथा सम्पदा र आवासमा सहयोग कार्यान्वयन सम्बन्धी 'मोडालिटी' बारेमा समझदारी भएको हो ।

त्यसैगरी मेची नदीमा पुल निर्माण, नेपाल र भारतका उत्पादनहरूको निर्यात सम्बन्धी मापदण्ड निर्धारण व्यूरो बनाउने र अवैध लागुऔषध नियन्त्रण गर्ने सम्बन्धमा संयन्त्र निर्माण गर्ने सम्बन्धी समझदारी रहेको छ ।

चार्टर एकाउन्टेन्सी सम्बन्धी विषयमा पनि नेपाल र भारतका चार्टर एकान्टेन्ट संस्थाहरूबीच सम्झौता पत्रमा हस्ताक्षर भएको छ ।

## सरकारले दीर्घकालीन समाधान दिनुपर्‍यो, होइन भने मधेश छोडेर जानुपर्‍यो



डा.सीके राउत
संयोजक, स्वतन्त्र मधेश गठबन्धन

**० तपाइँ बाढी प्रभावित क्षेत्रहरूको निरीक्षण गर्नुभयो, कस्तो अवस्था छ, बाढीपीडितहरूको ?**

– बाढी प्रभावित क्षेत्रमा एकदमै विकराल स्थिति छ। बाढी प्रभावित क्षेत्रहरूमा राहत, औषधि लगायतका अत्यावश्यक सामग्रीहरू पुग्न सकेको छैन। बाढीपीडितहरूले आफैले खाना पकाएर खाने अवस्था पनि छैन । बाढीमा फसेका सर्वसाधारण जनताहरूको तत्काल उद्धारका लागि कोही पनि पुग्न सकेका थिएन, तर हामीले ऋण लिएर कोसी नदीबाट एउटा डुंगा किनेर पीडितहरूको उद्धार गरेका थियौं । यहाँ यस्तो विकराल स्थिति तर राज्यको पहुँचै छैन ।

**० तपाइँहरूले बाढीपीडितहरूलाई सहयोग गर्ने के-कस्ता कार्यहरू गरिरहनु भएको छ ?**

– हामीले आफ्ना स्वराजीहरूलाई ठाउँ-ठाउँमा खटाएका छौं । अहिले हामीले उद्धार तथा राहतको कार्यक्रमलाई प्राथमिकता दिएका छौं । जस्तै, विरामीहरूको उपचारका लागि अस्पतालसम्म पुर्‍याउने, उद्धार गर्ने लगायतका कार्यहरू हामीले गरिरहेका छौं ।

**० बाढीपीडितका लागि अहिले तत्काल गरिहाल्नुपर्ने कार्य के हो जस्तो लाग्छ तपाइँलाई ?**

– बाढीमा फसेकाहरूको तत्काल उद्धार गर्नुपर्‍यो । तिनीहरूलाई सुरक्षित ठाउँसम्म पुर्‍याउनुपर्‍यो । बाढीबाट बच्न विभिन्न ठाउँहरूमा अव्यवस्थित रूपले बसिरहेका जनताहरूको बसाईलाई तत्काल व्यवस्थित गर्नुपर्छ । महामारी फैलिनसक्ने सम्भावना रहेकोले सरकारले समयमै यसप्रति ठोस कदम चाल्नुपर्‍यो । खानाका लागि सामूहिक भोजनको व्यवस्था गर्नुपर्‍यो ।

**० तराई-मधेशमा वर्षेनी डुबानको समस्या आइरहन्छ, तर सरकारले दीर्घकालीन समाधानका उपायहरू किन अपनाउन सकिरहेको छैन ?**

– यसमा पक्कै पनि राज्यको नियति नै छ । राज्यले औपनिवेशिक शासन लादेको ठाउँमा सकेसम्म त्यहाँका मान्छेहरू मरून्, पीडित होस् भन्ने चाहन्छन् । त्यही कुरा मधेशमा भइरहेको छ। यसको रोकथाम गर्ने काम त नेपाल सरकारको हुनुपर्ने हो । दीर्घकालीन रणनीति ल्याउनुपर्ने हो । तर, त्यो कतै पनि देखिदैन । अहिले पनि राहतका लागि तथ्यांक संकलन गर्ने भनिएको छ, तथ्यांक संकलन गरेर पनि केही हुनेवाला छैन । भूकम्पपीडितको हकमा पनि त्यहीं भएको हो । यहाँ पनि त्यस्तै देखिएको छ ।

**राज्यले औपनिवेशिक शासन लादेको ठाउँमा सकेसम्म त्यहाँका मान्छेहरू मरून्, पीडित होस् भन्ने चाहन्छन् । त्यही कुरा मधेशमा भइरहेको छ। यसको रोकथाम गर्ने काम त नेपाल सरकारको हुनुपर्ने हो। दीर्घकालीन रणनीति ल्याउनुपर्ने हो। तर, त्यो कतै पनि देखिदैन।**

सरकारले दीर्घकालीन समाधानका लागि कुनै सोच नै देखिएन। जनतामा पनि अल्पसमयसम्मका लागि जाने र पछि बिर्सिने मनोदशा पनि देखियो। अहिले बाढी आयो भने केही छैन, राज्य पुगेन भनेर जनता भन्छन् तर बाढी समाप्त भइसकेपछि त्यहीं नेतालाई गएर भोट हाल्छन् र त्यहीं नेताको जयजयकार पनि गर्छन् । जवाफदेहिता माग्ने कुनै मतलब नै राख्दैन । त्यहींभएर कहीं न कहीं जनताको पनि कमीकमजोरी छ । बाढी हरेक वर्ष आइरहेकै छ भने दीर्घकालीन समाधान त जनताले पनि सोच्नुपर्‍यो नि ।

**० डुबानको समस्या अन्त्य गर्नका लागि दीर्घकालीन योजना बनाउन जनताले के गर्नुपर्छ ?**

– जनताले त आवाज मात्रै उठाउँछ, त्यो पनि प्रतिबन्ध छ कतिपय ठाउँहरूमा । मैले आफै आवाज उठाउँदा

*बाँकी अन्तिम पृष्ठमा*



# सम्पादकीय



## प्रमको भारत भ्रमण र अपेक्षा

प्रधानमन्त्री शेरबहादुर देउवा आफ्ना भारतीय समकक्षी नरेन्द्र मोदीको आतिथ्य स्वीकार गरी अहिले विशेष अतिथिको रूपमा भारतको राष्ट्रपति भवनमा बसिरहनु भएको छ। प्रधानमन्त्रीमा निर्वाचित भएपछि देउवा पहिलो पटक विदेश भ्रमणका रूपमा भारत जानु भएको हो। यद्यपी प्रधानमन्त्रीको रूपमा यो उहाँको चोथौ भारत भ्रमण हो।

प्रधानमन्त्री देउवाको यो पटकको भारत भ्रमण अन्य भ्रमणभन्दा बढी नै महत्वपूर्ण मानिएको छ भने दुवै देशमा विशेष चासोका साथ हेरिएको छ। आखिर किन महत्वपूर्ण छ देउवाको यस पटकको भारत भ्रमण ?

यो भ्रमणबाट नेपाल र भारतबीचको शताब्दिऔं पुरानो मित्रता थप सुदृढ एवम् सुमधुर भई पारस्परिक सम्बन्धमा नवयुगको थालनी हुने अपेक्षा गरिएको छ।

कार्यकारी सरकार प्रमुखको सर्वोच्च तहमा भएको यो भ्रमणबाट नेपाल र भारतबीचको धार्मिक, आध्यात्मिक, आर्थिक, शैक्षिक, सांस्कृतिक एवम् कूटनीतिक सम्बन्ध अझ प्रगाढ भई पारस्परिक हित प्रवर्द्धन र सघन सहयोगात्मक बन्नेमा आम नेपाली मात्र होइन भारतका नागरिक पनि विश्वस्त छन्। यो भयो भावनात्मक र सैद्धान्तिक कुरा। तर अबको समयमा भावनात्मक र सैद्धान्तिक विषयभन्दा बढी व्यावहारिक विषयमा ध्यान दिनु जरूरी छ।

> नेपाल र भारतबीचको सम्बन्ध नङ र मासुको जस्तो छ तर यस्तो अन्योन्याश्रित सम्बन्धमा बेलाबखत उत्पन्न हुने अविश्वास र असमझदारीलाई सुझबुझपूर्ण कूटनीतिको सञ्चालनबाट परास्त गर्दै दुबै मुलुक अघि बढ्नु जरूरी छ। प्रधानमन्त्री देउवाको यो भ्रमणलाई पनि त्यहीं आलोकमा दृष्टिपात गर्नुपर्छ।

सन् १९५० को शान्ति तथा मैत्री सन्धिबाट औपचारिक सुसम्बन्धको श्रीगणेश गरेका दुई मुलुक उक्त सन्धिका अव्यावहारिक पक्षलाई समेत परिवर्तन गर्न सहमत हुनुले आपसी सम्बन्ध नयाँ शिराबाट थाल्ने जमर्को भएको मान्न सकिन्छ।

नेपाल र भारतबीचको सम्बन्ध नङ र मासुको जस्तो छ तर यस्तो अन्योन्याश्रित सम्बन्धमा बेलाबखत उत्पन्न हुने अविश्वास र असमझदारीलाई सुझबुझपूर्ण कूटनीतिको सञ्चालनबाट परास्त गर्दै दुबै मुलुक अघि बढ्नु जरूरी छ। प्रधानमन्त्री देउवाको यो भ्रमणलाई पनि त्यही आलोकमा दृष्टिपात गर्नुपर्छ।

उच्चस्तरका यस्ता भ्रमणले दुई देशबीच हुने अव्यावहारिक र अमिल्दा पक्षलाई हटाउन उत्प्रेरक बन्न सक्छन् तर कार्यान्वयनको तहमा तिनलाई लैजानु अति आवश्यक छ।

हालैको वर्षाले नेपालमा भएको व्यापक जनधन र भौतिक पूर्वाधारको क्षतिलाई नयाँदिल्लीले मूकदर्शक भएर बस्न मिल्दैन भन्ने सन्देश पनि यो भ्रमणले प्रवाह गर्नु पर्छ।

राजनीतिक अस्थिरता, अपरिपक्व कूटनीति, राष्ट्रिय स्वार्थलाई बेवास्ता गर्दै दलीय र व्यक्तिगत स्वार्थ पूरा गर्ने केही राजनीतिक दल र तिनका नेताको व्यवहारले नेपाल र नेपालीको गरिमामा चोट पुगेको छ भने उग्रराष्ट्रवादी गतिविधिले विश्वको उदीयमान अर्थतन्त्र र विकासको बाटोमा द्रुत गतिमा अघि बढिरहेको भारतबाट मुलुकले अपेक्षित लाभ हासिल गर्न नसकेको कटु यथार्थ हामीले बिर्सनु हुँदैन। र, झिनामसिना विषयलाई लिएर दुवै पक्षले दुई राष्ट्रबीचको अनुपम सम्बन्धमा आघात पनि पार्न दिनुहुँदैन।

विगतको देखिएको चिसो सम्बन्धलाई यो भ्रमणले चिर्नैपर्छ। र, नेपाल-भारतबीचका समस्याका सबै जड उखेल्ने दिशामा प्रधानमन्त्री देउवाको भ्रमण केन्द्रित हुनुपर्छ।

प्रधानमन्त्रीको भारत भ्रमण औपचारिकतामा मात्र सीमित नराखी यसले दुवै देशको हितमा प्रयोग हुने खालको वातावरण सिर्जना गर्नु पर्छ अनि मात्र भ्रमणले सार्थकता पाउनेछ।

## सातको सात बात



नेपालमा जातीय शोषण भएको होइन, सिस्टमबाट विभेद भएको हो। हामीले मधेश-पहाड देखाएर देशलाई विभाजनमा लैजानु हुँदैन। सबै मिलेर अगाडि बढ्न सकेमा मात्र शान्त र समृद्ध देश बन्न सक्छ नेपाल। **डा. रामवरण यादव, पूर्वराष्ट्रपति**



न संशोधन दर्ता गराउँदा विपक्षीसँग सल्लाह गरियो छापामार शैलीमा आएको संशोधनबारे विशेष समिति बनाएर छलफल गरौं भन्दा पनि मान्नुभएन सत्तारूढ दलले असफल गराउने उद्देश्यले नै ल्याएको हुनाले संशोधन विधेयक पास हुन सकेन ? **सुवासचन्द्र नेम्वाङ, नेता, नेकपा एमाले**



सत्तापक्षले मधेशी दल र त्यहाँका बासिन्दाको भावना समेटेर जाने प्रयास गरेको हो संविधान संशोधन प्रस्ताव असफल भए पनि यसलाई ठूलो 'सेटब्याक' मान्न हुँदैन। भविष्यमा पनि मधेश र मधेशका बासिन्दाको भावना समेटेर अगाडि बढ्ने प्रयास जारी रहनेछ। **डा. शंशाक कोइराला, महामन्त्री, नेपाली कांग्रेस**



एमाले संविधान संशोधनको विपक्षमा गयो, यसले ऊ मधेश विरोधीमात्रै होइन, जनजाति, दलित लगायत सीमान्तीकृत समुदायको पक्षमा नरहेको पुष्टि भएको छ। 'एमाले मधेशविरोधी मात्रै होइन, परिवर्तनविरोधी हो।' **राजकिशोर यादव, अध्यक्ष मण्डलका सदस्य, राष्ट्रिय जनता पार्टी नेपाल**



हिजो संविधान संशोधन विधेयक ल्याउँदा संसद नै अवरूद्ध गर्ने प्रमुख विपक्षी एमालेले विपक्षमा मत दियो, कांग्रेसलाई आफ्नो स्वार्थ सिद्ध हुन्छ भन्ने लाग्यो, अरू ठूला दलको पनि स्वार्स्थ मिल्यो। संविधान संशोधन फेल भएपछि मधेशको मुद्दा कमजोर पार्न सकिन्छ भनेर यसो गरिएको हो। **डा. शिवजी यादव, नेता, संघीय समाजवादी फोरम, नेपाल**



नेपालको शान्ति र समद्धि नै भारतको मूल चाहना हो। प्रधानमन्त्री शेरबहादुर देउवाको भ्रमणबाट दिगो शान्ति, स्थिरता र आर्थिक समृद्धिको बाटोमा नयाँ आयाम थपिनेछ। लाभ पुग्ने पूर्वाधारका केही योजना अगाडि बढाउन उच्च नेतृत्व सकारात्मक देखिएको छ। **दीपकुमार उपाध्याय, भारतका लागि नेपाली राजदूत**



पछिल्लो समयमा भारतबाट हुने आर्यात-निर्यातमा केही समस्या देखिएका छन्। भन्सार नाकामा पनि केही असहजता देखिने गरेको छ। यस्ता समस्याको निराकरण गर्ने विषय पनि प्रधानमन्त्रीले भारत भ्रमणको एजेन्डाको रूपमा लैजानुपर्छ। यस किसिमका भ्रमणले दुई देशबीचको कूटनीतिक तथा व्यावसायिक सम्बन्ध प्रगाढ गर्न सहयोग पुग्छ। **भवानी राणा, अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ**

*प्रस्तुती : संगीता रेग्मी*

# कोशीको कथा : प्रकृतिमा राजनीतिको प्रवेश

कोशी हाम्रा आफन्त हुन्। हामीलाई दुःख पनि दिने र खुशी पनि पार्ने। सनकी राज्यको चरित्र छ : "कोशी"को, अनाहकमा दण्डित गर्ने अनि जनताको समुन्नत्तिको दायित्व पनि निर्वाह गर्ने खालको। प्रख्यात भारतीय आंचलिक साहित्यकार फनिस्वर नाथ रेणुले कोशीको प्रपातलाई "ऋण जलधन जल" भन्ने उपमा दिँदै एक चर्चित पुस्तक नै लेखेका छन्। मेरा पैतृकहरूको कोशी सम्बन्ध पनि "ऋण जलधन जल" कै रहेको छ। मेरा हजूर बुबाका पैतृकहरू उ बेलाको धनधान्यले परिपूर्ण "चेंगहा" गाउँ कोशीमा जल समाधी लिएपछि आजको कंचनपुरमा बसाई सरी आएका हुन्। भनिन्छ, चेंगहा अहिलेको सुनसरी मधुवनको पश्चिममा थियो, अब किंवदन्ति भएको त्यो मुकाम समुन्द्रमा श्रीकृष्णको द्वारकाझैं जल समाधीस्थ छ। यसपछि नयाँ बसाईका लागि कंचनपुरको खोजी भएको हो, जुन त्यस बखतको अग्लो तथा सुरक्षित ठाउँको रूपमा खोजिएको थियो। मेरो पिता जीको उमेर ८५ बर्ष नाघेको छ, अहिलेको बाढी हेरेर भन्नु भो बाजेहरूले सुरक्षित भन्ठानेर खोजेको यो गाउँ पनि निरापद रहेन। कोशीले आफु बारे नयाँ रूपमा सोच्न सबैलाई बाध्य पारेको छ।

कोशी बारे म पनि सोचमग्न भएको छु। विराटनगर विमानस्थल समुन्द्र सतहबाट २ सय ३६ फिटको उचाईंमा छ। जनकपुरदेखि पूर्वको सिरहा, सप्तरी र सुनसरीको मैदानी भाग विराटनगरकै समान उचाईंमै रहेको छ। अहिले तराईका लगभग सबै जिल्लाहरू समान रूपमा बाढीबाट आक्रान्त छ। राजनीति अप्रभावित भै मात्र प्राविधिक दृष्टिबाट हेर्ने हो भने मुलुकका सबै ठूला नदीहरू जो तराईका जिल्लाहरू भै बग्दछ, त्यसको तल्लो तटीय बहावको क्षेत्र बाढीबाट प्रभावित रहेको छ। तर, यहाँ म खासगरी कोशी क्षेत्रको बारेमा केन्द्रीत भै संक्षिप्त चर्चा गर्न चाहन्छु। यो क्षेत्र अहिले बाढीबाट बढी प्रभावित रहेकोले चर्चामा छ। साथै बाढीको यस दुष्प्रभावले मुलुकको अन्तर्देशीय भू-राजनीतिलाई समेत चर्चामा तानेको छ। हुँदाहुँदा नेपालका परराष्ट्र मंत्रीले समेत भारत नियन्त्रित कोशी बैरेजका सबै ढोकाहरू नखोलिएको कारणले सप्तरी जिल्ला डुबानमा परेको गुनासो भारतीय राजदूत समक्ष गरेको समाचार छ। राष्ट्रपति महोदयाले पनि भारत भ्रमणमा जान लागेका प्रधानमन्त्रीलाई यस्तै सन्देश दिनु भएको छ। यो हो प्रकृतिमा राजनीतिको प्रवेश।

सातवटा नदीको संगम कोशीको उपल्लो क्षेत्र अत्यन्त ठूलो एवं फराक छ। अर्को शब्दमा कोशीको जलाधार क्षेत्रले मुलुकको अन्य कुनैपनि नदीको तुलनामा धेरै जिल्लाहरूलाई समेटेको छ। काठमाडौं पूर्वका केही उत्तरी हिमाली जिल्लाहरू, मध्यपहाडी जिल्लाहरू र भित्री मधेशका जिल्लाहरू समेत हुँदै कोशी तल्तिर झरेको छ। यो भन्दा ठूलो जलाधार क्षेत्र नेपालको अन्य कुनै पनि नदीको छैन।

यसरी नै कोशीको तल्लो प्रवाह पनि उत्तिकै फराक छ। बागमतीदेखि पूर्वका प्रायसः सबै नदीहरू कुनै न कुनै रूपमा कोशीको उपल्लो जलाधार क्षेत्रबाट नै निसृत भएको पाईन्छ। लालबकैया, चकनाहा, सिपरी, कोला, लखनदेई, करेह, कमला, त्रिवेणी, धुर्मी, बलान, भुतही बलान, त्रियुगा, खाडो, महुली, सुन्दरी, गंगाजली, पोडा, मरिया, सुनसरी कोशी क्षेत्रका यी नदीहरूको बहावका स्थानहरू बाढीबाट किन बारम्बार प्रभावित भैरहन्छ ? यी सबै नदीहरूको बाढी अत्यन्त अच्छखृँल र सत्यानासी प्रकृतिको किन छ ? पोहोर साल सप्तरीको तिलाठी बढी चर्चामा रह्यो। तिलाठीको शिक्षाले कुनै सुधार भएन। बरू, यसले दिएको प्राकृतिक सन्देश कथित राष्ट्रवादको मुद्दामा कचल्टियो। अहिले कोशी ब्यारेजको ३६ ढोका मात्र खोलियो,



जयप्रकाश गुप्ता

> कोशीको पानी ढलोको प्रबल बेगलाई त भगवान ईन्द्र बाहेक अरू कसैले नियन्त्रण गर्न सक्दैन। हामीले गर्ने त अब हरेक बर्ष अवश्यंभावी बाढीबाट हुने क्षतिको नियन्त्रण र उद्धारको तयारी मात्र हो।



५६ वटै कपाट किन खोलिएन भनेर सप्तरीको बाढी बिध्वंशको कारण खोजिदैछ। हुँदा हुँदा उद्धार र राहतको प्राथमिकता भारतसंग सन् १९५० को संधि, कोशी र गंडक सम्झौताको माखेसांग्लोमा पुगेको छ।

यहाँ यी सब सतही कुरा भन्दा केही तथ्यमा जानु उपयुक्त हुने ठान्दछु। यसर्थ, फेरि दोहोर्याउन चाहन्छु। विराटनगर विमानस्थल समुन्द्र सतहबाट २ सय ३६ फिटको उचाईंमा छ। जनकपुरदेखि पूर्व सिरहा, सप्तरी र सुनसरीको मैदानी भाग लगभग समान उचाईं मै रहेको छ। जबकि, कोशी नदीको मुख्य उद्‌गमस्थल समुन्द्र सतहबाट १८ हजार फिट अग्लो छ। यहीं यो तथ्य विचारणीय छ कि, कोशीका सबै भंगालाहरू भारतको बिहार राज्यमा प्रवेश गरी अन्ततः गंगा नदीमा मिसिन्छ। यो गंगा मईयाको उदगम स्थल समुन्द्र सतहबाट १० हजार ३ सय फिट अग्लो छ। कोशीको भन्दा कम, स्वभावतः कोशीको तल्लो तटीय प्रवाह, जो अन्ततः गंगामा मिसिन्छ, उक्त गंगा कोशीको उदगम स्थलभन्दा ७७०० फिट ओरालो छ। यसर्थ कोशी र यसका सबै सहायक नदीहरू बढी तेजिलो वा गतिमान हुनेमा कुनै शंका रहनु हुँदैन। कोशी नदी पहाडी क्षेत्रहरूबाट तल झर्दै गर्दा यसको उतारको गति प्रति माईल ७५ फिटको दरले तल झर्दछ।

भर्खरैको अत्यधिक वर्षा लामो समयपछिको एक अपवाद हो। तर, यस तथ्यलाई ईंकार गर्न सकिदैन कि कोशीको जलाधार क्षेत्र वा भनौं यसको हिमालीय प्रवाह क्षेत्रमा प्रायसः १७० इंचसम्म वर्षा हुने गर्दछ। यसमा हिम ग्लेशीयरबाट आउने पानीको मात्रा समावेश छैन। कोशीमा हिउँदको महिना चैत्र-बैशाखमा बाढी आउँछ। मानिसहरू छक्क पर्छन्। प्रचण्ड गर्मीले हिमतालहरू पग्लेर आउने बाढी तल तराईको कोशी ब्यारेज भै गुज्रिने यात्रीले हेर्दा अचम्भ मानेका हुन्छन्।

एक अध्ययन अनुसार बर्षा याममा कोशीको जल प्रवाहको गति प्रतिघंटा १६ माईल हुन्छ। सामान्य अवस्थामा यसको बेग राजविराज शहरमा कुदने रिक्साको गति जस्तो हुन्छ। प्रति घंटा ३ माईल। आफ्नो यही प्रवाहका कारणले कोशीको जलाधार पहाडी क्षेत्रमा नियन्त्रित रहेपनि भित्री मधेश र तराईमा यो अनियन्त्रित हुन्छ, करिब १५० वर्षको ईतिहासमा कोशीले तल तराईमा पूर्व-पश्चिम गरी करिब १२० किमी फराकमा धार परिवर्तन गरेको पाईन्छ। भारत, बिहार प्रदेशमा कोशीका धारहरू १४० किमीको फराकमा स्वच्छन्द विचरण गरेको तथ्यांक छ। म हाई स्कूल पढ्दाको बखत कोशीको मुख्य धार मेरो गाउँ कंचनपुरको पुगनपुग २ किमी पूर्व पथरी भै बग्द्थ्यो। जबकि, अहिले सो ठाउँबाट हवाई दुरीको १६ किमी पश्चिम सुनसरीको कुशहालाई छोएर बग्दछ।

अर्को पनि तथ्य छ, सन् १८१० भन्दा पहिला कोशी चतराबाट तल आउना साथ दक्षिण तिर प्रवाहित नभै सोझै पूर्व तिर बग्ने गर्दथ्यो। यदि त्यो धार कायम नै रहेको भए आज कोशी ईटहरीको मुख्य बजार हुदै संभवतः कंकाईमा मिसिने थियो र पूर्वांचलको नक्सा नै अर्कै अकल्पनीय बन्ने थियो। सन् १८१० पछि मात्र कोशी चतराबाट दक्षिणको बाटो समात्यो, फलतः कोशी आज यहाँ छ। मेरो छिमेकी भएको छ।

आफ्नो प्रवाहसंगै बालुवा बगाएर ल्याउने र समतल मैदानमा थुपार्ने चरित्रका कारणले कोशी संसारकै नदीहरूमा अद्वीतीय रहेको छ। कोशीको गंगा प्रवेशका बिन्दुमा बर्षेनी सतह उँचो हुदै जाने कारणबाट नेपाली क्षेत्रमा कोशीको धार परिवर्तन भैरहन्छ। केही बर्ष पहिले बंगलादेश प्रवेशको नजिक गंगाले बगाएर लगेको बालुवा थुप्रेर यौटा टापु नै निर्माण भएको बडो चर्चा हुने गर्थ्योस "न्यू मुरल्याण्ड" नामाकरण गरिएको थियो। प्रायसः सबै हिमाली नदीहरूको बालुवा, ढुंगा तथा माटो बगाउने यही बिशेषताका कारणले उक्त टापू बन्न गएको हो।

पिपलको पात संझिनुस् वा चौरीको पुच्छरको कल्पना गर्नुस(माथी र तल सानो डाँढ र तल मसिनो हुदै जाने, अनि पेटको भाग चाँही दुबैतिरबाट अर्ध्यचन्द्राकार झै छ कोशीको प्रवाह। कोशीको बालुवा, ढुंगा(गिट्टी तथा माटो बगाउने उही चरित्रका कारणले मूल कोशी र यसबाट निसृत हुने सबै सहायक नदीहरूको भू सतह माथी उठ्दै गएर नदीले संग्रह गरी बगाउने जल भण्डारण बाहिर फालिने प्रवृति अब प्रकट हुन थालिएको छ।

जो कोहीलाई यदि सप्तरीको कोशी खण्डको सामान्य ज्ञान पनि छ भन्ने उसले सजिलै बुझ्नसक्छ कि यस पटकको सप्तरीको डुबानमा कोशीको ऋणात्मक योगदान नगण्य छ। गोबरगाढा र थौरै एकाध ठाउँको अपवाद बाहेक। सप्तरीको डुबान वा बाढीको मूल कारण त कोशीका सबै सहायक नदीहरूको भू(सतह बढेर जानु हो। मैले माथी चर्चा गरेको कोशीको पानी ढलोको प्रबल बेगलाई त भगवान ईन्द्र बाहेक अरू कसैले नियन्त्रण गर्न सक्दैन। हामीले गर्ने त अब हरेक बर्ष अवश्यंभावी बाढीबाट हुने क्षतिको नियन्त्रण र उद्धारको तयारी मात्र हो। कोशीको मुहानमा यदि नपखालिने कुनै बस्तु फ्याकि दिने हो भन्ने केही घंटा मै कोशी बैरेजमा आईपुग्ने कोशीको तल्लो बहावको तेजलाई बुझ्नेले यस तथ्यमा असहमत हुने ठाउँ छैन।

प्रधान मंत्री वा अरू कसैले भारतसंग छलफल गर्ने भनेको कोशी बैरेजको ढोका खोलिएन भन्ने लंफू बिषय भन्दा भारतले एकतर्फि रूपमा निर्माण गर्दै लगेको बाँधको बिषय हो। जल प्रकोपको सूचना आदान प्रदान र दुबै पक्षबाट समान दायित्वका साथ सचेतता अपनाउने विधी निर्माणको बिषय हो। कोशी र अन्य अन्तर्सीमा नदीहरूको नयाँ सन्दर्भमा नयाँ जल उपभोगको बिषय हो। बाढी ब्यवस्थापनको द्विपक्षीय हितको बिषय हो।

*(फेसबुकबाट साभार)*

# मधेशको पीडामा राज्यको मौनता



सुधा मिश्र

खै कुन दशा लागेको होला ? कहिले मानव सिर्जित कारण त कहिले प्राकृतिक कारणले, मधेशको आँसु सुक्न दिएको छैन। एउटा घाउ निको हुन पाएको छैन, अर्को आइहाल्छ। अहिले आएर मुसलधार वर्षापछि आएको बाढीले मधेशको जनजीवन अस्तव्यस्त छ भने आम मानिसको दैनिकी प्रभावित बनेको छ। देशका ठूला दलहरूले संविधानको नाममा मधेशमा रगतको नदी बगाएझैं अहिले इन्द्र देउता रिसाएर मुसलधार वर्षा गरी मधेशको जीवनलाई नै बगाउन पुगेको छ।

कस्तो दुर्भाग्य ? कस्तो विडम्बना ? कस्तो दुःखद परिस्थितिमा छ अहिले मधेश जसको बारेमा कोर्न सकिदैन। आफ्ना घर परिवार त गुमाए गुमाए तिनीहरूलाई दाह संस्कार पनि गर्न पाएका छैनन्। कहाँ गरोस् ? कता गरोस् ? चारैतिर पानी नै पानी। कतै सुख्खा ठाउँ भए पो दाह संस्कार गरोस्। आफ्ना प्यारा, आफ्ना हृदयका टुक्रालाई पानीमै बगाएर अन्तिम श्रद्धाञ्जली दिन बाध्य भए।

यसको जिम्मेवार को त ? राष्ट्र कि जनता आफै ? कोही पनि दुधले नुहाएका छैनन् यहाँ ? थोड-बहुत गल्ती दुबै पक्षको छ। अव्यवस्थित बस्ती बसाउन, काम चलाउ पुल निर्माण गर्नु, बाढी पूर्व गरिने तयारीमा ध्यान नदिनु र महत्वपूर्ण कुरा वन जंगल नाश गर्नु नै मधेशमा बाढीको प्रकोप हुनु हो।




त्यसबाट जोगिनु कामको सुरूवात सरकारबाट नहुनुकै कारण पहाडमा पहिरा र मधेशमा बाढीबाट जनताको जीवनमा विपत्तिको 'बाढी' आउने गरेको छ। विपत्ति आएको समयमा केही रूपैयाँ राहतको नाममा बाँडे पनि त्यसपछि पुरै मौन हुनु राज्य कति कर्तव्यपरायण रहेछ, थाहा पाउन सकिन्छ। अहिले जुन पुलहरू भत्केका छन्, त्यो बाढी नआए पनि भत्कने खालका थिए। कमजोर संरचनामा आधारित त्यस्ता पुल अहिले भत्किँदा बाढीले भत्कायो भन्न थालिएको छ। वास्तविकता एकातिर छ भने त्यसलाई पन्छाउँदै यर्थाथलाई बङ्ग्याउने प्रयास हुँदैछ। यसको लागि केही ठोस पहल सरकारले गर्नुपर्छ।

कहिले प्राकृतिक प्रकोप त कहिले मानव प्रकोप, कहिले राहतको सास फेर्न पाउँछन् मधेशीले ? कस्तो पीडादायक जीवन जिउन बाध्य भएका छन् मधेशी ? आफ्नो हक र अधिकारका लागि आवाज उठाए निर्मम हत्या गरिन्छ भने चुप लाग्ने आखिरमा कहिलेसम्म ? कहिले मधेशीलाई अवहेलनाको नजरबाट हेर्न बन्द गर्लान् ? कहिले मधेशीहरू शान्त र सुखको जिन्दगी जिउन सक्लान् ? चुनाव अगाडि नै मधेशमा स्थिरता पैदा होस् भन्ने आशा र विश्वास गरौं।

# यो भ्रमणले नेपाल-भारतको सम्बन्ध थप प्रगाढ हुनेछ

भारतले धेरै प्रकारका आशाहरू देखाएको छ। जसमध्ये धेरै पुरा भइसकेको छ भने केही सुरू भएर सम्पन्न हुने अवस्थामा छ। यी कुराहरूलाई नै प्रधानमन्त्री देउवाले उठाउने विषयहरू हुन्। यसपाली कुनै नयाँ सन्धि र सम्झौता प्रधानमन्त्री ज्यूलाई नगर्न आग्रह पनि गरेका छन्। त्यसैले विगतका कुराहरूलाई नै मुख्य मानेर नेपाल भारत सम्बन्धलाई थप प्रगाढ बनाउनको लागि दुबै पक्षबाट काम हुने हो।



## डा. भेषबहादुर थापा
### संयोजक,ईपीजी-नेपाल

**० तपाई प्रधानमन्त्री शेरवहादुर देउवाको भारत भ्रमणलाई कुन रूपमा लिनु भएको छ ?**

– मैले नेपालको प्रधानमन्त्री शेरवहादुर देउवाको भारत भ्रमणलाई सद्भाव भ्रमणको रूपमा लिएको छु। केही समय अगाडि भारत र नेपालको सम्बन्धलाई प्रधानमन्त्री स्वयमले नियालेर एउटा नयाँ आयामको सुरूवात समेत गरेका छन्। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले पनि नेपालमा आएर आफ्नो अभिव्यक्तिबाट एउटा आशा जगाएको छ। त्यसले नेपाल भारतको सम्बन्धमा उत्साहको माहोल सिर्जना गरेको थियो। नेपालको संविधान निर्माणदेखि लिएर महाभूकम्पसम्म सहयोग र तिक्तता पनि बराबर रूपमा अगाडि बढेको थियो। प्रधानमन्त्री नरेन्द्र मोदीको त्यो बेलाको अभिव्यक्तिबाट आएको जुन प्रकारको आशातित कुरा आयो त्यसको आवश्यकता सबैले महशुस गरेको हो। त्यही सन्दर्भमा प्रधानमन्त्री शेरबहादुर देउवा भारतको भ्रमणमा जानु भएको छ। अब के हुन्छ कसो हुन्छ, त्यो सबै हेर्न बाँकी रहेको छ। मलाई लाग्छ दुबै देशको बीचको सम्बन्धमा सुधार ल्याउनु एकदमै अपरिहार्य रहेको छ।

**० प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमणलाई सफल र प्रभाकारी बनाउन नेपालको कस्तो भूमिका हुनु पर्छ ?**

– सरकारी संयन्त्र र परराष्ट्र मन्त्रालय, व्यक्तिहरू, संसद लगायतकाले विभिन्न समस्या र कहाँ के कस्तो कमजोरीहरू लगागतका कुन कन विषयमा कुरा गर्ने हो सबै कुरामा छलफल गरिएको छ। कुन विषयलाई उठाउने हो भनेर प्रधानमन्त्री आफैले पनि विभिन्न निकायहरूसँग विचार विमर्श गर्नु भएको हो। भारत भ्रमणको पूर्व सन्ध्यामा उहाँले दिएको अभिव्यक्तिबाट के प्रष्ट भएको छ भने अहिले तराई मधेशमा बाढीको समस्यादेखि लिएर यस्ता विभिन्न प्रकारका समस्याहरूलाई भ्रमणको क्रममा राख्ने भनेर प्रष्ट पारेका छन्। दुई देशको सम्बन्धलाई सुधारोन्मुख दिशातिर डोर्याउने भन्ने कुराको जानकारी गराएको थियो। नेपाल भारतबीच विभिन्न प्रकारको सन्धि सम्झौताहरू विभिन्न कालखण्डमा भएको छ। यसमा प्रमुख प्रतिपक्षी एमालेदेखि लिएर अन्य व्यक्तिहरूले दिएको सुझाव बाहिर आएको छ। त्यसले गर्दा खेरी सबै तहमा सुधारोन्मुखतिर काम गर्ने भनेर परराष्ट्र मन्त्रालयले पनि जनाएको थियो। पुरानो सन्धि सम्झौतालाई पुनरावलोकनदेखि लिएर जलस्रोतको विषयमा त्यसलाई अध्यावधिक गर्ने विषयलाई लिएर अहिले भएको बाढीको समस्या, सीमावर्ती क्षेत्रको समस्या, भारतको बाँधले नेपालको तराई मधेशमा निम्ताएको समस्या इत्यादीलाई भ्रमणको क्रममा विषयवस्तु बनाउँदा यस भ्रमणलाई प्रभावकारी बनाउन सकिन्छ।

**० अहिलेको समयमा प्रधानमन्त्री देउवा सहितको टोलीको भ्रमणलाई तपाई कतिको सान्दर्भिक देख्नु भएको छ ?**

– म त यसलाई समय सान्दर्भिक नै मान्छु। किनभने भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपाल आएर दिएको अभिव्यक्ति, नेपाल र भारतबीच भएको विभिन्न सन्धि सम्झौतालाई पुनरावलोकन गर्नका लागि प्रधानमन्त्री देउवाको लागि भारत भ्रमण जानु समय सान्दर्भिक नै हो।

**० अहिलेको भ्रमणमा नेपालले उठाउनु पर्ने मुख्य-मुख्य कुराहरू के-के हुन सक्छ ?**

– खासै कुनै त्यस्तो मुख्य कुरा केही होइन जस्तो मलाई लाग्छ। त्यही पुरानो कुराहरू रहेको छ जुन विगतमा भएको थियो। अहिले त्यही कुराहरूलाई नै पुनरावलोकन र अवलोकन गर्नु पर्ने आवश्यकता रहेको छ। किनभने भारतले धेरै प्रकारका आशाहरू दिएका छन्। जसमध्ये धेरै पुरा भइसकेको छ भने केही सुरू भएर सम्पन्न हुन नसकेका अवस्थामा छ। यी कुराहरूलाई नै प्रधानमन्त्री देउवाले उठाउने विषयहरू हुन्। यसपाली कुनै नयाँ सन्धि र सम्झौता प्रधानमन्त्री ज्यूलाई नगर्न आग्रह पनि गरेका छन्। त्यसैले विगतका कुराहरूलाई नै मुख्य मानेर नेपाल भारत सम्बन्धलाई थप प्रगाढ बनाउनको लागि दुबै पक्षबाट काम हुने हो। एउटा समझदारीको नयाँ माहोल बनाउनमा पनि यो भ्रमण सफल होला भन्ने आशा राखेको छु।

**० दिल्लीमा प्रधानमन्त्री देउवा उत्रिने बितिकै भारतीय प्रधानमन्त्री मोदीले देउवालाई अप्रयासित भेट गर्नु भयो, कुटनीतिकमा यसले के महत्व राख्छ ?**

– यहाँ दुइटा कुराहरू देखियो। पहिले पनि हाम्रो नेतालाई भारतका राज्यमन्त्रीले स्वागत गरेका थिए। अहिले प्रधानमन्त्री देउवालाई भारतीय प्रधानमन्त्री मोदी अप्रत्यासित रूपमा भेटनु भनेको सम्मान गर्नु भएको हो। जुन रूपमा प्रधानमन्त्रीको कार्यक्रम बनेको थियो त्यसै वीचमा अप्रत्यासित रूपमा मोदीजीले देउवाजीसँग भेट भयो। त्यसलाई शिष्टाचारको रूपमा हेर्नु पर्छ। यसमा औपचारिकता भन्दा निकटतालाई प्रष्ट पारेको छ।

**० तपाई ईपीजी-समूहको संयोजक पनि हुनुहुन्छ, नेपालको प्रधानमन्त्री देउवा र भारतीय प्रधानमन्त्री मोदी बीचको यस्तो भेटवार्तामा के-के विषयमा छलफल गरिएको अनुमान गर्न सकिन्छ ? यो भ्रमणलाई दुबै देश चासोका साथ देखिरहेको अवस्था छ यस्तोमा तपाई के भन्नु हुन्छ ?**

– विगत दुई तीन वर्षदेखि नेपाल भारतको सम्बन्धमा उतार चढाव देखिएको हो। हाम्रो आन्तरिक मामिलामा पनि भारतले चासो देखाएर बीच-बीचमा कुराहरू आएको हो। महाभूकम्प पछि लगाइएको नाकाबन्दीले पनि धेरै मात्रामा प्रभाव पारिएको हो। विकासको क्रममा भारतीय सहयोग गर्ने, नेपालको विकासमा भारतले आर्थिक लगानी गर्ने जस्ता पनि गहकिला कुराहरू भएको छ। प्रधानमन्त्री मोदी नेपालमा १७ वर्षपछि आउनुभयो। तर त्यो भन्दा पहिले धेरै प्रधानमन्त्री बन्दा पनि नेपालमा आएका थिएन। यी कारणहरूले नै दुबै देशले यसलाई चासोका साथ देखिएको हो।

**० सन् १९५० को सन्धीको विषयमा दुबै देशबीच गठन भएको प्रवुद्ध व्यक्ति समुहद्वारा परिमार्जन गर्ने विषयमा छलफल चलिरहेको छ, यस्तो बेलामा प्रधानमन्त्रीको भ्रमणमा यो विषयलाई उठाउनु सान्दर्भिक होला ?**

– नेपाल भारत प्रबुद्ध समूह यी दुबै देशको बीचको सम्बन्ध लगायतका कुराहरूलाई लिएर गठन भएको हो। अहिलेसम्म प्रवुद्ध समूहले चारओटा फैसलाहरू गरिसकेको छ। नेपाल भारतको हरेक विषयमा प्रवेश गरेर छलफल भइरहेको छ।

**० कुन कुन चार ओटा विषयमा छलफल भएको हो ?**

– यस्ता विवादित विषयहरूलाई अहिले नै उजागर गर्न मिल्दैन। मिडियामा सम्पूर्ण काम भइसके पछाडी हामी ल्याउने छौँ। तर हामी चाही कुनै विषयलाई छोडेका छैनौँ। सन्धिदेखि लिएर सीमा र सेना समेतका विषयहरूमा हामी छलफल गरेका छौँ। वर्षौंदेखि भनाभन भइरहेको विषयलाई समाधानको पाटोमा लगिरहेका छौँ।

**० यो भ्रमणले दुबै देश बीचको शताब्दियौँको पुरानो मित्रतामा थप सुधार हुने अपेक्षा गर्न सकिन्छ ?**

– सकिन्छ, किनकि यो सुधारको खोजीमा भएको हो। यो भ्रमणले सम्बन्धलाई सुधार गर्ने र यसलाई प्रगाढ बनाउने प्रक्रिया हो।

**० विगतमा देखिएको चिसोपना सम्बन्धलाई यो भ्रमणले चिर्न सफल होला ?**

– चिसोपना र तिक्ततालाई एकै चोटीमा कहाँ परिवर्तन गर्न सकिन्छ। यो सम्बन्धलाई सुधार गर्नका लागि निरन्तर रूपमा प्रयास जारी रहनेछ। सुधार भनेको एकैचोटीमा हुने होइन। तर मूलभूत कुरा के हो भने नेपाल भारतको सम्बन्ध एकदमै पुरानो छ। यसमा दीर्घकालीनरूपमा समस्याको समाधान गर्ने निचोड गरेर समबन्धलाई थप प्रगाढ बनाउन सकिन्छ। सबादको प्रक्रियालाई अगाडी बढाई राख्नु पर्छ।

**० अन्त्यमा, यो भ्रमणलाई औपचारिकतामा मात्र सीमित नराख्न के-कस्ता कार्यहरू गर्न एकदमै जरूरी छ ?**

– बुधबार मात्रै प्रधानमन्त्री जानु भयो। उहाँलाई स्वागत र शिष्टाचार राम्रो भएको छ। शिष्टाचारको पछाडि सदभाव होला भन्ने हामी सबैको आशा र अपेक्षा छ। त्यो भयो भने यसबाट उत्पन्न हुने परिस्थितिमा भविष्यमा हुने काममा गतिशिल होला र दुबै देशको सम्बन्धमा थप प्रभावकारी होला भन्ने आशा र विश्वास राखेका छौँ।

*(मधेशवाणीका लागि विजय यादवले गरेको कुराकानीको सम्पादित अंश)*

# संशोधन विधेयकमाथिको मतदानले मधेशका शत्रु पहिचान भयो

संविधान संशोधन प्रस्तावमा मतदान हुने दिनसम्म पनि हामीले पारित हुनुपर्छ नै भनेका थियौं। विधेयक पारित हुनका लागि गरिनु पर्छ भन्ने हाम्रो अडान कामयै थियो। जसमा नेपाली कांग्रेसले पनि धोका दिएको छ। उसका केही सांसद् अनुपस्थित रहे। एमाले त पहिलेदेखि नै मधेशी जनताको विपक्षमा थियो। त्यस्तै, आफैंले ल्याएको प्रस्ताव कमल थापाहरूले पनि अस्वीकार गरेका छन्।



## राजिव झा
### महासचिव, राष्ट्रिय जनता पार्टी नेपाल

**० संविधान संशोधन विधेयक संसदमा असफल भएको छ। यसलाई कसरी लिनुभएको छ ?**

– खासमा संशोधन विधेयक इमान्दारीपूर्वक ल्याइएको प्रस्ताव थिएन। नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रले रणनीतिक रूपमा राष्ट्रिय जनता पार्टीलाई कमजोर बनाउन उद्देश्उले विधेयक ल्याएको र जानीजानी असफल गरेको हो। उनीहरूको पछिल्लो क्रियाकलापबाट हामीलाई यस्तै आभाष भएको छ। विधेयकमाथि मतदानबाट एउटा फाइदा पनि के भएको छ भने संविधान जारी गर्दा यो संविधान विश्वकै उत्कृष्ट र ९० प्रतिशतले ल्याएको संविधान भन्नेहरूलाई कडा जवाफ दिएको छ। यो संविधानले देशका सबै समुदायको स्वामित्व ग्रहण गर्न सकेको छैन भन्ने कुरा प्रमाणित भएको छ। विधेयकमाथि भएको मतदानमा ६६ प्रतिशत सांसद्ले पक्षमा मतदान गरेका छन। यसको मतलब ६६ प्रतिशत सांसद्ले संविधान अपुरो र अपूर्ण छ भन्ने कुरालाई स्वीकार गरेका छन जुन हाम्रो सैद्धान्तिक जीत हो। विधेयकमाथिको मतदानले को स्थायी शत्रु, को संविधान संशोधनको विपक्षमा छन् भन्ने कुरा जनताले थाहा पाएका छन्।

**० विगतमा तपाईंहरूले विधेयक पारित नै हुनुपर्छ भन्दै आउनुभएको थियो। तर, पछिल्लो समय यो पास वा फेल जे भए पनि प्रक्रियामा लैजानु पर्ने भनेर लचक हुनुभयो ? यस पछाडिको कारण हो ?**

– हामीले पारित हुनुपर्छ भनेर नै भन्दै आएका थियौं र अहिले पनि संशोधन हुनु पर्छ पनि भन्दै छौं। संविधान संशोधन प्रस्तावमा मतदान हुने दिनसम्म पनि हामीले पारित हुनुपर्छ नै भनेका थियौं। विधेयक पारित हुनका लागि गरिनु पर्छ भन्ने हाम्रो अडान कामयै थियो। जसमा नेपाली कांग्रेसले पनि धोका दिएको छ। उसका केही सांसद् अनुपस्थित रहे। एमाले त पहिलेदेखि नै मधेशी जनताको विपक्षमा थियो। त्यस्तै, आफैंले ल्याएको प्रस्ताव कमल थापाहरूले पनि अस्वीकार गरेका छन्। प्रस्तावमा कमल थापाको पनि हस्ताक्षर छ। यति हुँदाहुँदै पनि उहाँहरू विपक्षमा जानुभयो। उहाँहरूलाई मधेश र मधेशी जनता चाहिएन।

**० वितगमा पारित हुने अवस्था नभएर विधेयकलाई निर्णयार्थ प्रस्तुत गरिएको थिएन। तर, यसपटक सरकारले यसलाई निर्णयार्थ प्रस्तुत गर्नमा राजपाले सघाएको देखियो। किनभने राजपाले विधेयक पास वा फेल जे भए पनि प्रक्रियामा लैजानु पर्‍यो भनेर भन्न थालेका थिए नि ?**

– नेकपा एमालेको एउटा के आरोप थियो भने संविधान संशोधनको नाममा सरकारले नौटंकी गरिरहेको छ। विधेयकलाई लिएर सबैले एकअर्कामाथि आरोप-प्रत्यारोमा उत्रिएको अवस्थामा थियो। त्यसैले कित्ताकाट गर्नु पनि आवश्यक थियो। अब त छर्लङ भयो।

**० सत्ता पक्ष नै संविधान संशोधनको बाधक हो भन्ने विपक्षीको आरोपलाई निराधार सावित गर्न मतदान गरिएको हो त ?**

– होइन, त्यस्तो कुरा होइन। नेपाली कांग्रेसमा केही सांसद् संविधान संशोधनको पक्षमा थिए। विपक्षीले पनि हामीहरूमाथि आरोप लगाइरहेका थिए। नेपाली कांग्रेस पनि मधेशको सवालमा त्यस्तै शत्रु हो। संविधान संशोधन विधेयक असफल भएका बेला प्रधानमन्त्री देउवाको अनुहार हेर्नुस्। अनुहारमा कतिको चमक देखिएको थियो। संविधान संशोधन असफल पार्नुपर्छ भन्ने पहिले देखि कै योजना थियो।

**० तपाईंले भने झैं मतदान पछि स्वयम् प्रधानमन्त्रीको अनुहारमा चमक देखिएको थियो। त्यसो भए संशोधनको पक्षमा को थिए/थिएनन् भन्ने कुरा मतदानले पनि छुट्याउन सकेन, होइन ?**

– हामीले के आशा गरेका थियौं भने कमसेकम ठूला दलका मधेशी सांसद्हरूले पक्षमा विधेयकको पक्षमा मतदान गर्छन्। एमालेका सांसदहरू शत्रुधन महतो, रघुवीर महासेठलगायत जसको शरीरमा यही मधेशको रगत बगिरहेको छ, उनीहरू पक्षमा मतदान गर्छन् भन्ने हाम्रो अपेक्षा थियो। उनीहरूले पार्टीको निर्णयले क्रस गरेर पक्षमा मतदान गर्छन् भनेर हामीले सोचेका थियौं। उनीहरूले आफ्नो आत्माको आवाज, मधेशी जनताको आवाज सुन्छन् भन्ने हाम्रो विश्वास थियो। मधेशबाट जितेका सांसद्हरूले मधेशी जनताको पक्षमा मतदान गर्छन् त्यसैले विधेयकलाई निर्णयार्थ प्रस्तुत गर्न हामीले भनेका थियौं। तर, त्यस्तो भएन। तिनीहरूले पनि धोका दिए। को मधेशको पक्षमा छन्, को छैनन् भन्ने कुरा प्रष्ट भएको छ।

**० तर, एमालेका कोही पनि संविधान संशोधनको पक्षमा मतदान गर्ने भनेर भनेका थिएनन् नि ?**

– ठिक छ। हामीहरू जुन भ्रममा थियौं, त्यो टुट्यो। संविधान संशोधन मात्र राजपाका लागि मात्र होइन। सम्पूर्ण मधेशी जनताका लागि संविधान संशोधन हो। मधेशी जनताले अधिकार पाउनुपर्छ। जसले मधेशीका मत पाएर सांसद् बनेका छन्, ती सबैका लागि संशोधन आवश्यक थियो। एमालेका मधेशी सांसद्हरूको सन्ततिका लागि पनि संशोधन आवश्यक थियो। तर उनीहरूले आफ्नो सन्ततिका भविष्यमाथि बञ्चरो चलाएका छन्।

**० तपाईंहरूले पछिल्लो समय विधेयक पास वा फेल जे भए पनि निर्णयार्थ प्रस्तुत हुनुपर्‍यो भन्न थाल्नुभएको थियो। तपाईंहरूको यस्तो लचिलोपनालाई राजपा चुनावमा जान खोजेको त होइन भनेर पनि भन्न थालिएको छ। के भन्नुहुन्छ ?**

– चुनावमा जाने/नजाने विषयमा अहिले निर्णय भइसकेको छैन्। पदाधिकारी बैठक र मधेशी जनताको आदेशबमोजिम हामी हिंड्छौं।

**० तर, तपाईंहरूले चुनावमा जाने भनेर भनि पनि सक्नुभएको छ नि ?**

– होइन। यो आधिकारिक कुरा होइन। कसैले के भनेका छन् भने त्यो व्यक्तिगत विचार होला। यस विषयमा पार्टीले छिट्टै आधिकारिक निर्णय गर्छ।

**० चुनावमा जाने निर्णय भयो भने फोरम नेपालकै कित्तामा राजपा गयो भन्ने कुरा उठ्ने सम्भावना पनि त छ नि ?**

– यो त सम्भव नै छैन। हामीलाई फोरम नेपालको कित्तामा राख्न सकिँदैन। हाम्रो स्थायी दुश्मन एमाले, राप्रपालगायतका दल हुन्। हामीले अडान राखेकै कारण धेरै माग सम्बोधन भइसकेका छन्। शहीद घोषणा, क्षतिपूर्ति, २०६३ देखि अहिलेसम्मको आन्दोलनका सिकिस्त घाइते भएकालाई आजीवन साढे १२ हजार रूपैयाँ मासिक पाउनेछन्, त्यस्तै साढे १० लाख रूपैयाँ प्रत्येकले नगद पाउनेछन्। यी सबै कुरा हाम्रो अडानले पूरा भएका हुन्।

**० त्यसो भएर राजपा अब चुनावमा गयो भने पनि फोरम नेपाल जतिको आलोचना खेप्नुपर्दैन ?**

– हो। हामीले तीनबुँदेमध्ये संविधान संशोधनबाहेक करिब करिब सबै माग पूरा गराउन सफल भएका छौं। अब यदि चुनावमा राजपा सहभागी भयो भने मधेशी जनताको अभिमत पाउनेछ। अब अहिलेको संसद्बाट संविधान संशोधन हुँदैन भन्ने कुरा प्रष्ट भइसकेको छ। अबको चुनावमा राजपालाई मधेशी जनताले अभिमतबाट संविधान संशोधन गराउन सक्ने संख्या दिनेमा म विश्वस्त छु। अब फेरि पनि मधेशका स्थायी दुश्मनले मत पाए भने समस्या यथास्थितिमै रहने छन्।

**० तपाईंहरूले संविधान संशोधन नभएसम्म कुनै पनि हालतमा चुनाव हुन नदिनेलगायतका कुरा भन्दै आउनुभएको थियो। पछिल्लो समय किन यू टर्न ?**

– हामी यू टर्न भएका होइनौं। हामी जनताको आदेश बमोजिम हिंड्ने हो।

**० प्रधानमन्त्री शेरबहादुर देउवा अहिले भारत भ्रमणमा हुनुहुन्छ। नेपाल र भारतको सम्बन्ध थप सुधारमा यो भ्रमण कस्तो रहला ?**

– नेपाल र भारतबीचको सम्बन्ध प्रगाढ छ। नेपाल र भारतबीच रोटीबेटीको सम्बन्ध छ। नेपाल र भारतबीचको सम्बन्ध अटुट छ। यो सम्बन्धलाई अझै मजबुत बनाउनुपर्छ। सम्बन्ध प्रगाढ बनाउन प्रधानमन्त्री देउवाको भ्रमण फलदायी हुने विश्वास लिएका छौं। दुई पक्षीय हितका निर्णयहरू गर्नुपर्छ। मेरो एउटा सल्लाह पनि छ। जसरी भारतमा जगन्ननाथ धाम, वैष्णोदेवी, हरिद्वारलगायतको आम्दानीबाट त्यहाँको प्रदेश चलिरहेको छ। त्यस्तै, जनकपुरलाई पनि पर्यटकीय नगरीका रूपमा विकास गर्न, जानकी मन्दिरलाई पनि विश्व सम्पदा सूचीमा राख्नुपर्छ। त्यस्तै, जानकी मन्दिर र हरिद्वार जोड्ने बाटोलाई प्राथमिकता दिनुपर्छ। त्यस्तै, अयोध्यासँगको बाटो पनि निर्माण गर्नुपर्छ। यी विषयमा भारतको सहयोग आवश्यक रहेको हुँदा यसमा प्रधानमन्त्रीले पहल कमदी गर्नु आवश्यक छ।

*(मधेशवाणीका लागि अजय साह शिवालीले गरेको कुराकानीको सम्पादित अंश)*

# काशीप्रसाद श्रीवास्तव र लोकतान्त्रिक आन्दोलन



डा. जगतप्रसाद पराजुली

प्रत्येक मानिसका आ-आफ्नै मौलिक विशिष्टताहरू हुन्छन्। सामान्य किसिमका गुणहरू भएको व्यक्तिले आफु र आफ्नो परिवारलाई मात्र केन्द्रविन्दुमा राखेर वाञ्छित आवश्यकताको परिपूर्तिका निमित्त सक्रिय हुन्छन्। आफ्नो र परिवारको भरणपोषण, आत्मिक उन्नति, सांसारिक सुखभोग एवं समृद्धि प्राप्तिलाई जीवनको प्रमुख लक्ष्य मानेर निजत्वको श्रीवृद्धि नै सम्पूर्ण समय खर्चिने गर्दछन्। जीवनभर गरेका त्यस्ता फर्महरूले निजी स्वार्थ परिपूर्ति गर्ने बाहेक समाज, राष्ट्र र विश्वको समसामायीक पक्षको उन्नति-प्रगति एवं परिवर्तनमा खासै महत्व राख्दैन र त्यस्ता निजी कृयाकलापले समाजको विकास प्रकृयामा अहम् भूमिका पनि खेल्दैन। यद्यपि हाम्रो समाजमा यसैकोटीमा पर्ने मानिसहरूको संख्या अधिक रहेको छ। स्वर्थपरक समर्पणभाव आफैमा ज्यादै नराम्रो अवगुण र अमानवीय प्रवृत्ति भने होइन।

निजत्व वृद्धि, पारिवारिक समृद्धि र आत्मिक उन्नतिमा मात्र सीमित नरहेर समग्र समाजको उत्थान गर्दै मुलुकको सर्वाङ्गिण विकासमा महत्वपूर्ण योगदान पुर्‍याउने महान् सपुतहरूको संख्या कम भएपनि उनीहरूका गहन एवं विहंगम विचारले देशलाई दिशानिर्देश गरिरहेको छ। तिनै विचारको बलबाट समाजमा जरा गाडेर बसेका अनेकानेक बिसंगतिहरू क्रमिक रूपमा निरूपण भैरहेका छन्। समाज, देश र जनताले परिवर्तनको सुखानुभूति गरिरहेका परिदृश्य हाम्रा सामु छर्लङ्ग नै छ। समाजलाई प्रगतिपथमा डोर्‍याउने, मुलुकलाई समसामयिक परिवर्तनको रसस्वादन गराउने, त्रुटीयुक्त कुप्रथा, अमानुषिक विसंगति, अकल्पनीय दासताबाट उन्मुक्ति दिलाउन ती प्रतिष्ठित देशभक्त सपुतहरूले जुन साहसिक यात्रा तय गरे, जुन अभूतपूर्व भूमिका खेले र जुन योगदान पुर्‍याए, त्यसको बदलामा त हामी भयमुक्त वातावरणमा जीवन निर्वाह गर्न सक्षम भएका छौं। मुलुकभित्रका अनेक क्षेत्रमा परिवर्तनको निमित्त नेतृत्वदायी संघर्ष गर्ने सपुतहरू पनि थुप्रै छन्। तिनीहरूमध्ये काशीप्रसाद श्रीवास्तव पनि लोकतान्त्रिक आन्दोलनका एक महान योद्धा थिए। लोकतन्त्रप्रति अगाध आस्था र विश्वास गर्ने प्रजातन्त्र सेनानीका रूपमा आफ्नो उचाई कायम गर्न सफल काशीवावुको जीवनी, संघर्ष, योगदान र प्राप्त उपलब्धिहरूको चित्रण गर्ने शिलशिलामा यो लेख प्रस्तुत गरिएको छ। माथि उल्लेख गरिएको शिर्षकको लेख केवल एउटै भागमात्र समेट्न सकिदैन। तसर्थ उक्त शिर्षक अन्तर्गत केन्द्रित रहेर केहि श्रृङखलाहरू प्रस्तुततीकरण गर्दै लगिने छ। आजको प्रथम श्रृङखलामा प्रस्तुत शीर्षकको उठानको गर्ने काम मात्र भएको छ।

**काशीबाबु : नेताजी, बाबुजी**

काशीप्रसाद श्रीवास्तवलाई समकालीन नेता, अभियन्ता योद्धा, कार्यकर्ता, अनुयायी एवं समर्थकहरूले 'काशीबाबु' भनेर सम्बोधन गर्दथे। उनका शुभ चिन्तक तथा मतदाताहरूले 'बाबुजी' र 'नेताजी' भनेर सम्बोधन गर्ने गरेको प्रसंग पंक्तिकारले पनि अनेक पटक सुनेकै हो। काशीबाबुको जीवन चरित्र, सदाचार, स्वभाव-प्रवृत्ति, भेषभूषा, आचरण, खानपान जस्ता बहुलायत विषयहरू माहात्मा करमचन्द गान्धी अर्थात् माहात्मा गान्धीसँग मेल खान्थे। राजनीतिमा समेत गान्धीकै अहिंसावृत्ति नीतिका अनुयायी थिए। भेषभूषा पनि समानान्तर नै थियो। 'सादा जीवन उच्च विचार' का परिपोषक थिए। बाल्यकाल, बयस्क अवस्था र वृद्धावस्थामासमेत 'गान्धीवादी नीति' कै अनुशरण गरेर जीवनको उपल्लो उचाई प्राप्त गर्न सफल भए। गान्धीजीले देश र जनताको स्वतन्त्रता, समानता, प्रजातन्त्र, राष्ट्रियता कानूनी राज्यको स्थापना जस्ता सवालहरूमा जुन आवाज उठाए त्यसबाट काशीबाबु ज्यादै प्रभावित भएका थिए। उक्त प्रभाव वाल्यकालदेखि वयस्क र वृद्धावस्थामा पुगुन्जेलसम्मै कायम रह्यो। दिनानुदिन ती स्वभाव, आचरण, मनोवृत्ति र क्रियाकलाप जीवनका अभिन्न अंग बनेर उनको जन्मलाई सार्थकता प्रदान गर्न क्रियाशील भए।

जन्मको सारतत्व सार्थकता, उच्चता, महत्ता र आदर्शपूर्ण जीवन भोगाइमा परिलक्षित हुन्छ। व्यक्तित्व माथि उठाउन यी सारभूत सारतत्वले उल्लेख्य भूमिका खेलेका हुन्छन्। व्यक्तिको भूमिकाले नै समाजभित्र पहिचान स्थापित गर्दछ र लोकप्रियता उत्कर्षमा पुग्छ। 'नेताजी' को जीवनमा पनि यी सारतत्वहरूले आकाशीय व्यक्तित्व निर्माणमा योगदान पुर्‍याएको थियो।

> काशीबाबु राजनीतिज्ञमात्र थिएनन्। उनी सिद्धहस्त प्रसिद्ध इतिहासकार पनि थिए। उनले मुलुकलाई राम्ररी बुझेका थिए। मुलुकभित्रका विकास विरोधी तत्वहरूलाई पनि सुझबुझका साथ पढेका थिए। नेपालको भौगोलिक अवस्थितिअनुरूप संरचित वनावटका आधारमा विकासका मोडेल र प्रणालीहरू अपनाउनुपर्छ।

निजी स्वार्थपूर्ति र समृद्धि प्राप्तिमा चासो नदिने, समाजको उन्नतिलाई सर्वोपरी ठान्ने उनको मनोकांक्षा थियो। विश्वमानचित्रमा निकै सानो भू-भाग ओगटेको मुलुक जुन छिमेकी राष्ट्रहरूको तुलनामा नितान्त गरीब छ, त्यसको सर्वत्तोमूखी विकास गर्नु नै आफ्नो परम कर्तव्य ठानेर सदैव त्यसैमा समर्पित भैरहने उनको गुण र लगाव थियो। निरंकुशताको जञ्जीरभित्र जकडिएको मुलुकलाई स्वतन्त्र तुल्याई जनतालाई समान किसिमको मौलिक अधिकार उपयोग गर्न सक्ने अवसर उपलब्ध गराउन जीवनभर इमान्दार प्रयत्न गरे। विश्वका विकसित एवं विकासशील देशहरूसँग पारस्पारिक घनिष्ट सम्वन्ध कायम गरेर आफ्नो देशको उन्नति गर्न प्रतिवद्ध भए। राजनैतिक संस्कारप्रति उनको ठूलो लगाव थियो। साधना पनि त्यसैअनुरूप गर्थे। वैरभाव, अनमेल, मनोमालिन्य र कसैकाप्रति अविश्वास थिएन।

नेपाली कांग्रेसका संस्थापक नेताहरू मध्ये कृष्णप्रसाद भट्टराई उनका परममित्र थिए। समकालिनमात्र नभएर सहपाठी सहयात्रीका रूपमा अन्तरंगमित्र भावमा निहित उनीहरूको सम्वन्ध थियो। दुवैजना लोकतन्त्रप्रति अगाध आस्था राख्थे। किसुनजी सँगसँगै मातृकाप्रसाद कोइराला, विश्वेश्वरप्रसाद कोइराला, गणेशमान सिंह, महेन्द्रनारायण नीधि, मंगलादेवी सिंह, पुष्पलाल, बलबहादुर राई, मनमोहन अधिकारी, रामराजाप्रसाद सिंह, डा.के.आई.सिंह, गिरिजाप्रसाद कोइराला, गजेन्द्रनारायण सिंह लगायतका समकालिन नेताहरूसँग उनको घनिष्ठता थियो। माथि उल्लेखित नेताहरू मध्ये धेरैले लाभको पद प्राप्त गरेर प्रतिष्ठित भए। काशीबाबुले इमान्नदारीताका साथ राजनीति गरे, लाभको पदमा आशिन भएनन्। मान, सम्मान, प्रतिष्ठा, लोकप्रियता कमाए। उनले भौतिक समृद्धि कमाएनन् तर आफ्नो पहिचान कहिल्यै गुमाएनन्। समकालीन राजनैतिक नेताहरूसँग गम्भिर बहस गर्दै दलहरूलाई आपसी विश्वास र पारस्परिक मेलमिलापबाट मुलुकभित्रका विद्यमान विसंगतिसँग लड्न एकाकार भै संघर्ष गर्न र मौजुदा परिस्थितिको सामना गर्न सुझाउथे। काशीबाबु बेजोडको तर्कशक्ति भएका व्यक्ति थिए। उनले समकालिन नेताहरूलाई बहसमा नवीन दृष्टिकोण प्रवाह गरेर मतैक्यता बढाउन प्रयत्न गर्दथे। देश-देशान्तर भैरहेको प्रगति र आविस्कारका विषयहरू सम्प्रेषण गरेर धेरैलाई प्रभाव पार्दथे। सदन होस्, सभा होस् या सम्मेलन, भेला होस् अधिवेशन सबै ठाउँमा उनको उपस्थिति प्रार्थनीय ठानिन्थ्यो। विचार प्रवाह गर्दा सबैलाई न्यायप्रियता हुने किसिमले भावना प्रस्फुटन गर्दथे।

विश्वका देशहरूले गरेको प्रगति र विकासका उदाहरण प्रस्तुत गरेर नेपाललाई मौजुदा परिस्थितिबाट माथि उकास्नका लागि आवश्यक आधारभूत अर्न्तवस्तुलाई जनसाधरणले समेत पुग्ने गरी आफ्ना अभिमत प्रकट गर्दथे। उनका प्रत्येक सम्बोधन, लेखकीय साधना लगायत कृतिहरूमा जनताको हक-हित, कल्याण, अधिकार, स्वतन्त्रता, समानता, सम्प्रभुत्ता, प्रजातन्त्र, लोकतन्त्र, समानवादजस्ता सारगर्भित विषयहरूले स्थान पाउँथे। गरीवी, पछौटेपन, विभेद, छुवाछुत, पृश्यता-अपृश्यता, हत्या-हिंसा, अनियमितता, भ्रष्टचार जस्ता सवालहरूलाई तेजोवध गर्ने किसिमले मुद्दा बनाउँथे। देशमा विद्यमान कुरीति, कुसंस्कार, कुप्रथा लगायतका सामाजिक विसंगतिलाई जरैदेखि निर्मूल गर्न जनतालाई सजग बनाउँथे। देशका समसामयीक पक्षहरूको समानान्तर विकास गरेर जनताको जीवनस्तर माथि उठाउन जनजागरण अभिवृद्धि गर्दथे।

काशीबाबु राजनीतिज्ञमात्र थिएनन्। उनी सिद्धहस्त प्रसिद्ध इतिहासकार पनि थिए। उनले मुलुकलाई राम्ररी बुझेका थिए। मुलुकभित्रका विकास विरोधी तत्वहरूलाई पनि सुझबुझका साथ पढेका थिए। नेपालको भौगोलिक अवस्थितिअनुरूप संरचित वनावटका आधारमा विकासका मोडेल र प्रणालीहरू अपनाउनुपर्छ। हिमाल, पहाड र तराई प्रदेशमा माटो, हावापानी, मौसम र वातावरण सुहाउँदो विकास निर्माणका लघु तथा दिर्घकालिन योजना तर्जूमा गर्नुपर्दछ भन्ने अभिमत प्रकट गर्दथे। मुलुकको सामाजिक वनावट अनुसार लोककल्याणकारी नीति अख्तियार गरेर जनतालाई विकासनिर्माणमा अत्याधिक सहभागिता हुने किसीमका कार्यनीतिको छनौट गर्न सुझाउँथे। जनतालाई आफ्नो काम आफै गर्न र त्यसको प्रतिफल पनि आफै प्राप्त गर्न प्रोत्साहित गर्दथे। समानता र सह-अस्तित्ववोधको सद्भाववाट सामाजलाई परिस्कार गर्दै अगाडी बढाउन, सु-संगठित गर्न, सुव्यवस्थित तुल्याउन, सुनियोजित र सुनिश्चित गर्न गराउन जनसहभागिता मूलक कार्यक्रमलाई कार्यान्वयन गर्ने अभिप्रेरणा जगाउँथे।

विशेष गरी अंग्रेजी, हिन्दी, नेपाली, उर्दू तथा भोजपुरी भाषामा काशीबाबुका लेखकीय रचना एवं समसामायीक जनसरोकारसँग अन्तरसम्बन्धित कृतिहरू तत्कालीन सूचना सामाग्रीहरूमा प्रकाशित भैरहन्थे। राजनीति, इतिहास जस्ता शास्त्रहरूलाई समाजशास्त्रीय एवं मानव शास्त्रीय चिन्तनबाट अनोन्यास्रित तुल्याउन र जनतालाई मौलिक हक अधिकारहरू प्राप्तिका निमित्त जागृत गराउन राम्ररी सघाएका थिए। छिटपुट रूपमा उनका लेखहरू नेपाली, उर्दू एवं भोजपुरी भाषामा पनि प्रकाशित थिए। अखवारहरूमा छापिएका ती सामाग्रीहरूले राष्ट्रिय र अन्तराष्ट्रिय परिस्थितिलाई समीक्षा गर्दै मुलुकको सर्वाङ्गिण विकासमा सरोकार जगाउन अभिमुखीकरण गर्न र सद्भावपूर्ण व्यवहारबाट जीवन संचालन गर्ने अभिप्रेरणा जगाउथे।

काशीबाबुका प्रख्यात, दूर्लभ र लोकप्रीय पुस्तकहरू पनि प्रकाशित भएका थिए। 'नेपालकी कहाँनी' इतिहासको आरोह-अवरोह प्रस्तुतीकरण भएको अनमोल कृति हो। त्यसैगरी 'नेपालमे राजनीति' नामक शीर्षकको पुस्तकले समसामयीक राजनैतिक उतार चढाबको परिदृश्यलाई जनमानसमा राम्ररी प्रकाश पारेको छ। 'आजादीके सपने' नामक शीर्षकको पुस्तकले प्रजातन्त्रको प्राप्तिका निमित्त चेतनशील जनता किन लालायित हुन्छन र संघर्षको दरवयान वलिवेदीमा चढ्न पनि हिच्किचाउन्न् भन्ने विषयलाई उजागर गरेको छ। त्यसैगरी 'नेपालका इतिहास' इ.सं.१९८६ मा आत्माराम एण्ड सन्स, दिल्ली र लखनउबाट प्रकाशित भएको प्रसिद्ध ऐतिहासिक पुस्तक हो। उक्त पुस्तकमा पनि राजनैतिक इतिहासको साङ्गोपाङ्गो चित्रण गरिएको छ। 'पृथ्वीका स्वर्ग' दोस्रो अन्तिम कृति थियो भने सबैभन्दा पछिल्लो र अन्तिम पुस्तक 'बन्दलिकाफ' शीर्षकमा संयोजन भएको छ। यो कृति संक्षिप्तकृतिको भए पनि 'आँखीझ्याल' बाट संसार चियाउन सकिन्छ भनेझै धेरै विषय वस्तुलाई यस पुस्तकले आकर्षकीय र रोचक ढंगले प्रस्तुतीकरण गरेको छ। यसरी काशीप्रसाद श्रीवास्तवले लेखनकार्य सँगसँगै मन-वचन र कर्मले मातृभूमिको सेवा गरे। आफ्नो विवेक, वुद्धि, वर्कत र औकातले भ्याएसम्म राजनीतिक फाँटबाट मात्र नभएर समसामायीक लेख रचना र कृतिहरूका माध्यमबाट मुलुकलाई ठूलो गुण लगाएका छन्। उनको जीवनकृतिका सम्पूर्ण पलहरूको न्यायपूर्ण तबरबाट खुलस्त गर्दै यस किसिमका प्रतिभावान राजनीतिज्ञ एवं वरिष्ठ यथार्थको परिधिभित्र रहेर आगामी अंकमा खुलस्त गर्दै लगिने छ। प्रथम श्रृंखलामा विषय प्रवेश पृष्ठभूमिबाटो शीर्षकको उठानमात्र गरिएको छ।

क्रमशः

## अधिकृतको कार्यालय सञ्चालन




राकेश यादव, रौतहट। रौतहट जिल्लाको गौरनगरपालिकामा बुधवार मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना भएको छ। आसोज २ गते हुने तेस्रो चरणको स्थानियको निर्वाचनको लागि निर्वाचन अधिकृतको कार्यालय विधिवत रूपमा सञ्चालन गरिएको हो। मुख्य निर्वाचन अधिकृत लेखनाथ ढकाल तथा प्रमुख जिल्ला अधिकारी उद्धव बहादुर थापाले संयुक्त रूपमा कार्यालय उदघाटन गरेको जिल्ला निर्वाचन आयोग कार्यालय रौतहटका प्रमुख राजन श्रीवास्तवले बताएका छन्। कार्यालय स्थापनाको क्रममा रौतहट जिल्ला अदालतका माननीय जिल्ला न्यायधीश तथा सुरक्षा निकायका प्रमुखहरू उपस्थित रहेका थिए। रौतहट जिल्लामा ३ लाख २१ हजार १८ मतदाताको लागि २७७ वटा मतदान स्थल तोकिएको कार्यालयले जनाएको छन्। भाद्र ३ गते सम्पन्न भएको मतदाता नमावाली संकलनको क्रममा २ हजार ७ सय ५१ महिला, ४ हजार ९ सय २९ पुरूष र १ जना तेस्रोलिंगी थप भएको कार्यालय प्रमुख श्रीवास्तवले बताएका छन्।

## २ अर्ब २० करोडको कृषि उपज नष्ट

रौतहट। बाढीको कारण २ अर्ब २० करोड़ मूल्य वराबरको कृषि उपज नष्ट भएको छ। श्रावण २९ गतेका दिन आएको लालबकैया तथा बागमती खोलाको विनाशकारी बाढ़ीवाट १८ हजार ३ सय ५६ हेक्टरमा रहेको कृषि उपज नष्ट भएको हो।

जिल्ला कृषि विकास कार्यालय रौतहटका प्रमुख राजनारायण यादवले बाढीको पानीले गर्दा १७ हजार हेक्टर जमीनमा लगाइएको १ अर्व २० करोड़ मूल्य बराबरको धानबाली, ७ सय २६ हेक्टरमा रहेको पोखरीको ८७ करोड़ मूल्य बराबरको माछा नष्ट भएको बताएका छन्।

३ सय हेक्टरमा रहेको केला , १ करोड़ ५० लाख ,३ सय हेक्टरमा भएको ६ करोड़ मूल्य बरवारको तरकारी , ३० हेक्टरमा रहेको १ करोड़ मूल्य बरावरको नर्सरी, ३० लाख मूल्य बरावर को हास नष्ट भएको यादवले जानकारी दिएका छन्।

मीहेनत गरी लगाइएको बालनाली क्षति भएपछि किसानहरू निराश बनेका छन। धेरै पानी परे १० प्रतिशत नोक्सानी बढ़ने तथा सूखा भए १० प्रतिशत घटने संभावना रहेको प्रमुख यादवले बताए।

बाढी पीड़ितहरूलाई सरकारले रहत वितरण गरिरहेपनि किसानको क्षतिपूर्तिको बारेमा कसैले चासो नदेखेको पीड़ित किसानहरूले आरोप लगाएका छन्। रौतहटमा ५८ हजार हेक्टर जग्गा कृषि योग्य रहेको छ।

## मधेश अपडेट

### स्वास्थ्यमन्त्रीको निर्देशन

महोत्तरी। स्वास्थ्यमन्त्री गिरिराजमणि पोखरेलले आज महोत्तरीका स्वास्थ्यकर्मीलाई २४सै घण्टा बाढीपीडितको सेवामा रहन निर्देशन दिएका छन्। बाढीबाट ४० हजार घरपरिवार प्रभावित भएको जिल्लाको सदरमुकाम जलेश्वरस्थित जिल्ला जनस्वास्थ्य कार्यालयमा पुगेर मन्त्री पोखरेलले सबै स्वास्थ्यकर्मीलाई बाढीपीडितको उपचारमा २४ सै घण्टा खट्न निर्देशन दिए। मन्त्री पोखरेलले जिल्लाका बाढीपीडितका गाउँठाउँमा चिकित्सक र औषधि सहितको टोली पुगेर जनताको स्वास्थ्यको अभिभारा उठाउन र रोग तथा महामारी फैलन नदिन पनि सुझाव दिए।

### विपतमा पनि राज्यले विभेद गर्दैछ : झा

राकेश यादव, रौतहट। राष्ट्रिय जनता पार्टी नेपालका अध्यक्षमण्डलीय नेता अनिल कुमार झाले मधेशमा विपत परेको बेला पनि राज्यले दोश्रो दर्जाको नागरिकसरह व्यवहार गरिरहेको आरोप लगाएका छन्। रौतहट जिल्लाको सदरमुकाम गौरमा प्रेस मंच नेपाल जिल्ला शाखाले आयोजना गरेको पत्रकार सम्मलेनमा सम्बोधन गर्दै झाले यस्तो आरोप अगाएका हुन्। साउन २९ गति आएको भीषण बाढीबाट २ नम्बर प्रदेश लगायत पूरै मधेशका जिल्ला प्रभावित भएको भन्दै नेता झा सरकारले जुन रूपमा व्यवहार देखायो त्यो मधेश विरोधी देखिएको बताए। रौतहट निर्वाचन क्षेत्र नम्बर १ बढी प्रभावित भएको भन्दै प्रभावित ठाउँमा सरकारले अहिलेसम्म राहत सामग्री उपलब्ध गराउन नसकेको ठोकुवा गरे। पूर्वउद्योगमन्त्री समेत रहेका झाले भने, 'हामीले प्रभावित क्षेत्रमा शीघ्र राहत तथा पुर्स्थापनाका कार्य र क्षतिपूर्ति दिन सरकारलाई दवाव दिँदा पनि द्रूतगतिमा कार्य बढाएको छैन।' रौतहटका स्थानीय प्रसाशनको रवैयाप्रति आक्रोश व्यक्त गर्दै अध्यक्ष झाले जिल्लाका सरकारी संयन्त्रले विभेदपूर्ण काम गरिरहेकोले त्यसलाई हटाई नयाँ संयन्त्र बहाल गरी राहत, क्षतिपूर्ति दिन लगाउनुपर्ने सरकारसँग जोडदार रूपमा माग गरेका छन्।

### सैनामैनाको बजेट ५४ करोड ६७ लाख

चन्द्रकान्त खनाल, रूपन्देही। रूपन्देहीको सैनामैना नगरपालिकामा नयाँ आर्थिक वर्षका लागि ५४ करोड ६७ लाख १३ हजार ५ सय ८४ बजेट बिनियोजन भएको छ। बजेटमा चालु खर्च १७ करोड ५६ लाख ३१ हजार ४ सय ४० र पुजीगत खर्च २६ करोड ५७ लाख १४ हजार १ सय ४४ बराबरको बजेट सैनामैना नगरपालीकाका प्रमुख चित्र बहादुर कार्किले प्रस्तुत गरे। वडागत रूपमा सबै वडामा गरी ५ करोड ८३ लाख ४९ हजार ७ सय बिजेट छुट्याइएको छ। जसमा सबैभन्दा बढी वडा नम्बर १० मा ६० लाख ७० हजार ६ सय र सबैभन्दा कम वडा नम्बर ८ मा ४२ लाख ६४ हजार ३ सय बजेट छुट्याइएको छ। यस्तै, वडा नम्बर १ मा ५९ लाख ५५ हजार ६ सय, वडा नम्बर २ मा ४४ लाख ८६ हजार ८ सय, वडा नम्बर ३ मा ४८ लाख ९५ हजार ३ सय, वडा नम्बर ४ मा ५४ लाख ९० हजार ५ सय बजेट छुट्याइएको छ।

### गठबन्धनद्वारा खाद्य सामग्री वितरण

बाँके। राप्ती नदीको बाढीका कारण बाँके जिल्लामा प्रभावितहरूका लागि स्वतन्त्र मधेश गठबन्धन बाँकेले खाद्य सामग्री वितरण तथा स्वास्थ्य शिविर संचालन गरेको छ। बाँकेको विकट ठाउँ जहाँ यातायातको समेत असुविधा रहेको र हतपती राहत वितरकहरू पुग्न धौ धौ ठाउँमा गठबन्धनले राहत वितरण तथा स्वास्थ्य शिविर संचालन गरेको हो। स्वतन्त्र मधेश गठबन्धनका कार्यकर्ताहरूले तेस्रो पटक शनिबार खाद्य वितरण एवं स्वास्थ्य शिविर संचालन गरेको थियो। यसैगरी, दोस्रो पटक भूजा, चाउचाउ, चिउरा, साबुन, तेल जस्तो समाग्री सयौं परिवारलाई वितरण गरिसकेको प्रवक्ता अब्दुल खानले जनाएका छन्। राहत सामग्री नौ वटा मोटरसाईकलमा १८ जनाको टोलीले लगेका थिए। टोलीमा ईरफान शेष, हरपाल सिंह सिख, राजितराम वर्मा, हाफिज मेहदी हसन, प्रदिप गडरया, राजेन्द्र खटिक, रियाज शेष लगायत छन्।

### रूपन्देहीमा ६२ हजार मतदाता थपिए

रूपन्देही। रूपन्देही जिल्लामा यसपटक नाम दर्ता गराउने मतदाताको संख्या ६२ हजार भएको जिल्ला निर्बाचन कार्यलय रूपन्देहीले जनाएको छ। गत साउन १ गतेदेखि जिल्ला निर्बाचन कार्यलय र १६ गतेदेखि स्थानीय तहमा मतदाता संकलन कार्य गरेको थियो। साउन अन्तिमसम्म भनेपनि निर्बाचन कार्यलयले ३ गतेसम्म म्याद थपेर मतदाताको नामाबली संकलन गरेको थियो। रूपन्देही जिल्लामा यो अवधिमा ६२ हजार मतदाताले नामावली दर्ता गराएको जिल्ला निर्बाचन कार्यालय रूपन्देहीका प्रमुख होमनाथ गौतमले बताए। रूपन्देहीमा दर्ता गरेपनि सबै रूपन्दहीमा मतदान गर्ने मतदाता नभएको गौतमले बताए। १६ बटा स्थानीय निकाय रहेको रूपन्देहीमा प्रत्येकका तहमा टोली परिचालन गरेको थियो।

### मोरङमा ८१ हजार ८ सय ६२ मतदाता थपिए

विराटनगर। मोरङमा ८१ हजार ८ सय ६२ मतदाता थपिएका छन्। फोटोसहितको मतदाता नामावली संकलन कार्यक्रमअन्तर्गत ८१ हजारभन्दा बढी मतदाता थपिएको निर्वाचन कार्यालयले जनाएको छ। सोमध्ये ४१ हजार ४७८ महिला, ४० हजार ३८३ पुरूष र एक तेस्रो लिङ्गी रहेका छन्। मोरङमा एक महानगरपालिका, आठ नगरपालिका र आठ गाउँपालिकामा फोटोसहितको नामावली संकलनका लागि प्राविधिकसहितको टोली विभिन्न ठाउँ खटेर नामावली संकलन गरेका थिए।

### ट्रष्टद्वारा बाढीपीडितलाई राहत वितरण

सिरहा। फुलकुमारी महतो मेमोरियल ट्रष्टले सिरहाका बाढीपीडितहरूलाई राहतका सामग्रीहरू वितरण गरेको छ। इटारी-प्रसाहीमा बाढी पीडितहरूलाई अत्यावाश्यक राहत सामाग्रीहरू हस्तान्तरण गरेको जनाइएको छ। फुलकुमारी महतो मेमोरियल ट्रष्टका उपाध्यक्ष एवं संघीय समाजवादी फोरम नेपालका सांसद डा. वीरेन्द्रप्रसाद महतोले पीडितहरूलाई एक कार्यक्रमका बीच राहत सामाग्रीहरू हस्तान्तरण गरेका छन्। ट्रष्टले प्रति परिवार खाद्यान्नमा २५केजी चामल, चिउरा, दाल तथा ओढ्ने कम्बल, ओछ्याउने तन्ना (जाजिम) र त्रिपालसहितको राहत सामग्री वितरण गरिएको हो।

### रौतहटमा सैनिक श्रीमती संघद्वारा राहत वितरण

रौतहट। जिल्लाको करूनिया गाउँपालिका १ र २ मा सैनिक श्रीमती संघले बाढीपीडितहरूलाई राहत सामग्री वितरण गरेको छ। संघले शनिबार राहत स्वरूप प्राप्त मण्डी ४०० गोटा, ड्राई रासन ३८५ बोरा, तौलिया ४२२ गोटा, व्ल्यांकेट २२२ गोटा, जीवनजल १००० पुरिया, वाटर प्युरिफिकेशन ट्याब्लेट ५००० गोटा वितरण गरेको हो। मध्य पृतनापति उपरथी प्रभुराम शर्मा र सैनिक श्रीमती संघकी सल्लाहकार सुनिता शर्माले स्थानीय बाढी पीडितहरूलाई सो राहत सामग्री वितरण गरेका छन्। उक्त राहतबाट ३८५ घरधुरी लाभान्वित भएका छन्। साथै, सोही स्थानमा नं.७ फिल्ड एम्बुलेन्स गुल्मबाट खटिएका डा. अधिकृत सहितको मेडिकल टोलीले स्वास्थ्य शिविर सञ्चालन गरी ३२५ जनाको स्वास्थ्य परीक्षण तथा निःशुल्क औषधि वितरण समेत गरेको थियो। गत हप्ता परेको अविरल वर्षाको कारण देशको विभिन्न भागमा आएको बाढी तथा पहिरोवाट प्रभावित विभिन्न जिल्लामा स्थानीय प्रशासनसँगको समन्वयमा नेपाली सेनाको उद्धार तथा राहत टोलीले हवाई तथा पैदल मार्गबाट राहत सामाग्री ढुवानी गरी वितरण गर्ने कार्य गरिरहेको छ।

### कैलालीमा ६० हजारभन्दा बढी मतदाता थपिए

कैलाली। जिल्लामा फोटोसहितको मतदाता नामावली संकलनका क्रममा ६० हजार १२ जना नयाँ मतदाता थपिएका छन्। साउन १ गतेबेखि शुरू भएको मतदाता नामावली संकलन कार्य भदौ ३ गतेसम्म जारी रहेको थियो। थपिएका मतदातामा ३३ हजार १८० महिला र २६ हजार ८३२ पुरूष रहेको धनगढीस्थित क्षेत्रीय निर्वाचन कार्यालयले जनाएको छ। यी मतदातामध्ये क्षेत्रीय निर्वाचन कार्यालयमार्फत सबैभन्दा बढी मतदाताको नाम संकलन भएको छ। कैलाली जिल्लाको एक उपमहानगरपालिका (धनगढी), छ वटा नगरपालिका र छ वटा गाउँपालिकासमेत १३ स्थानीय तहका कार्यालयमार्फत समेत फोटोसहितको मतदाता नामावली संकलन कार्य गरिएको थियो। कैलाली जिल्लामा बसाइँ सराइ गरेर आउनेहरूको चाप बढी भएकाले मतदाता नामावलीमा नाम दर्ता गराउनेहरूको संख्या पनि बढेको कार्यालयले जनाएको छ।

# नेपालको संलग्न नीति र राष्ट्रियता



**मनोज कुमार कर्ण**

**भूमिका**

सन् १९५५ को बाइङ्डुङ्ग भन्ने ठाउँमा खासगरि एसिया र अफ्रिकाका धेरै अधिकांश देशका प्रमुखहरूले भर्खरै समाप्त भएको दोस्रो विश्वयुद्ध तथा अझै जारी तीव्र कोल्डवार वा शीतयुद्धको चपेटामा परिकन देशको विकासलाई अवरूद्ध पारेर बस्नुभन्दा आफ्ना छुट्टै पहिचानसहित शक्ति देशहरूको लहैलहैमा नलाग्ने नीति अन्तर्गत (क) एकले अर्को मुलुकको स्वतन्त्रता, सार्वभौमिकता र क्षेत्रीय अण्डताको सम्मान गर्ने, (ख) अर्काको आन्तरीक मामिलामा हस्तक्षेप नगर्ने, (ग) समानता र पारस्परिक हित कायम गर्ने, (घ) अनाक्रमण (एकले अर्को मुलुकविरूद्ध आक्रमण नगर्ने) र (ङ) शान्तिपूर्ण सह-अस्तित्वको भावनालाई स्वीकार गर्नेलाई पञ्चशीलको सिद्धान्त वा असंलग्न परराष्ट्रनीति भनिन्छ। शक्ति विपन्न, हतियारको दौडमा नलागेको, आर्थिकरूपले अति गरिब, विकासप्रेमी, मित्रताको प्रतिक आदि विशेषताले भरेका देशहरूका लागि यो नीति संसारमा अस्तित्व जोगाउनको लागि रामवाण सावित भएको छ।

**संविधान घोषणा**

संवत् २०७२ असोज ३ गते पछिल्लो संविधान नेपालमा घोषणा हुने क्रममा मधेशी फुटाउन पहाडीहरूद्वारा मिसनमा पठाईएको थारूहरूको केवल पार्टी फोरम लोकतान्त्रिकसहित नेपालको पहाडी बर्चस्व पुराना तथा ठूला राजनीतिक दलहरूले मधेशीलाई माइनस गरि विश्वको मिडियाको जमाना र वर्तमानमा लोकतन्त्र तथा अधिकारको तकाजालाई माथ गर्दै षड्यन्त्रमूलक तरिकाले संविधान घोषणा गर्न लाग्दा यी काँग्रेस, एमाले, माओवादी केन्द्र, फोरम लोकतान्त्रिक तथा सरकारमा एक-एक मन्त्री खाएको एकसिटे सांसद भएका केही फ्रिन्ज पार्टीका मतियारहरूले भारतलाई फँसाउन खोजे। प्रधानमन्त्री नरेन्द्रभाई मोदीलाई नेपालको समग्र विकास तथा सबै क्षेत्रका जनता र भूमीप्रति समान सद्भाव प्रकट गर्न उनको मुक्तिनाथ, जनकपुर र लुम्बिनी जस्ता नितान्त धार्मिक भ्रमणलाई तत्कालीन सुशील कोइरालाको गृहमन्त्री भारतविरोधी वामदेव गौतमको शकुनीनीतिमा रोकियो। तर प्रम मोदीलाई नेपाल भ्रमणको दुई राउण्डसम्म नेपालको संविधानलाई सर्वस्विकार बनाउन के गर्नुपर्छ भनेर नेपाल सरकार, पार्टी तथा जनताका स्तरमा सोधियो र नेपालको संविधानलाई मान्यतादिन आग्रह गरियो। स्वाभाविकरूपले धार्मिकभ्रमण गर्न नपाएका, २०७२ वैशाख १२ शनिवारको महाभूकम्पबाट नेपाललाई राहतलगायतका कार्यमा भारतले पुऱ्याएको योगदानको ठाउँमा भारत र प्रम मोदीलाई संविधान सर्वस्विकार गराउन मागेको सुझाव र सहयोगमा स्वयं प्रम मोदीले दिएका सुझावलाई बेवास्ता गरेकामा सघाउने जो कसैको कुरो आउँदैन। यहाँ ध्यान दिने कुरो के छ भन्ने प्रम मोदीको विश्वमा नेताको रूपमा उदीयमान क्षवीलाई नेपालले पहडीया षड्यन्त्रतहत्त प्रयोग गरेर मधेशीको अधिकार कुल्चेर उनै प्रम मोदीद्वारा विश्वबाट नै नेपालको (कि पहाडको ?) संविधान २०७२ लाई अनुमोदन गराउन चाहन्थ्यो। मोदीजी 'नेपालको नेता' नपर्नुभएकोले अलोकतान्त्रिक संविधानलाई मान्यता दिनुभएन।

भारत/नेपाल बीचमा मधेशीको चाहना अनुसार नाकाबन्दी भयो। चाहना भारत सरकारकोपनि थियो किनकि प्रम मोदीले अति आदर र असल छिमेकीको नाताले नेपालको संसदमै आएर त्यति सहयोग र विकासको फर्को मार्न निःस्वार्थ मद्दतको घोषणा गरेका थिए र तुरून्तै नेपालको तर्फबाट चीनको षड्यन्त्रमा लाभ भारतबाट लिएर भारतलाई बेवास्ता गर्ने नमकहरामी गरिएको थियो। तसर्थ, नाकाबन्दीको कार्यान्वयन नेपालको मधेशीद्वारा संविधानको मामिलामा अधिकार र मधेशीलाई नेपाल सरकारले मार्ने गरेकामा विश्वको ध्यानाकर्षण गराउन घुँडा टेकाउन र पहडीया नेता, सेना, प्रहरी वंशानुगतरूपमा जिनोसाइडमा माहिर रहेको देखाउन भएको थियो। सो बेला नेपाली सुरक्षाकर्मीले जागरूक मधेशी तथा आन्दोलनमा सशक्त प्रस्तुत हुनेको घरमा पसेर मार्ने, तर्साउने, बलात्कार गर्ने घट्नाहरू बाहिर आइरहेको थियो जस अनुसार बाध्यभएर उनीहरू भारततिर पसेर बोर्डरमा चन्दा उठाएर खाना पकाएर खाने गरेका थिए जसलाई नेपालले आफूमाथि भारतले जनता उरालेको र मेस चलाएर आन्दोलन गर्न सघाएर हस्तक्षेपको आरोप लगायो। तर स्वयं नेपाल सरकारले प्रम मोदीलाई संविधानमा सल्लाह मागेको, लागूगर्न र विश्वमा अनुमोदन गराउन गुहार मागेको बिर्सयो।

**भारतको गोरखाल्याण्डको आन्दोलन**

केही साता अघि वर्तमानमा पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले बंगालको हाइस्कूलभरी बंगाली भाषा अनिवार्य पढ्ने विधेयक लागू गरेर जानीजानी ठूलो भारतीय पहाडी मासलाई बीजेपी सरकारविरूद्ध उचाल्न लाग्दा त्यहाँ हालसम्म अलग गोरखा राज्य हुनुपर्ने भनी पछिल्लोपटक आन्दोलन जारी छ। यस गोरखाल्याण्ड आन्दोलनलाई दबाउन बंगालको राज्य सरकार र निरपेक्षभएर बसेको बीजेपीको केन्द्र सरकारलाई नेपालका कम्युनिष्टहरूले सशरीर उपस्थित भएर नै सघाउने गरिएको पाइएको छ। यस अघि बंगाल राज्यको सरकारले आन्दोलनलाई लक्षित गरेर नाकाबन्दी गर्दा नेपालको पशुपतिनगरलगायतका क्षेत्रहरूबाट रसद, पानीलगायत सबै थोक गोरखाल्याण्डको आन्दोलनमा फ्यूएलिङ्ग गर्न पठाइएको थियो। यसरी नेपालले पार्टी, पहाडी जनता र गोप्यरूपमा सरकारी तवरकै व्यक्तिहरूबाट नेपालको संविधानको बेला भारतमा मेस चलाइएको भनिएको आरोपको बदलामा गोरखाल्याण्ड आन्दोलनमा संलग्न गराईयो र नेपालमा यसपाली मेस चलाईयो। यस अघि भारतमा नक्सली अर्थात् रातो आतंकलाई हतियार, तालिम दिएको भनी नेपालका कम्युनिष्टहरू तथा माओवादी बादल, विप्लवहरूको नाम पहिलापनि आइसकेको हो। तर नेपालले कसैलाई सम्झाउने वा कार्वाही गर्ने वा यस मामिलामा भारतसित ठोस वार्तालाप गरेको पाईदैन। त्यसैले नेपाल यहाँपनि निरपेक्ष छैन र नेपालको असंलग्न परराष्ट्रनीति धर्मराएको देखिन्छ।

**दोक्लाम विवाद**

भारत, भूटान र चीनको त्रिदेशीय भू-भागमा पर्ने दोक्लामलाई लिएर भूटान र भारतलाई चीनको हेपाई बढेर देशभित्रै अब चीनले हस्तक्षेप गर्ने र विश्वमा चीनीयाँ सामानको साथै कम्युनिज्म निर्यात हुने चिन्ता छ भने चीनको सिल्करोड वा वर्तमानमा वान बेल्ट-वान रोड (ओवर)को अवधारणामार्फत् चीनीयाँ सामानले उसको बढ्दो जनसंख्यालाई गास, बास र कपास दिन थेग्ने आम्दानीको खोजी तथा विश्वमा कम्युनिज्मको वर्तमान इपिसेन्टर चीनमात्र रहेको परिदृश्यमा अमेरिकालगायत डेमोक्र्याटिक जगतलाई सैन्य तागतमा चुनौती दिन चटारो भएको छ। सन् १९९२ देखि सोभियत रूस टुक्रेपछि चीनलाई मैं हुँ लाग्या छ। चीनले नेपाललाई चीनीयाँ व्यापार, चीनीयाँ साम्राज्यको विस्तारवाद तथा कम्युनिज्मको प्रभाव फैलाउनमा कताकता नेपाली काँग्रेसलाईसमेत माओवादीसँग सरकार बनाउने मौकामा ओवरमा सम्झौता गराई नेपालमा कम्युनिष्टहरूको बढोत्तरीमा लाभलिन सफल भएको देखिन्छ जसमा उनीहरू केपी ओली, नारायणमान बिजुक्छें, झलनाथ खनालभन्दा पनि प्रचण्डलाई पत्याएको वा यूज गरेको देखिन्छ।

दोक्लाम विवादमा चीनले केहि दिन अघि भारतलाई दुईसातामा सैनिक नहटाए सानो मिलिट्रि अपरेसन चीनको तर्फबाट गरेर भारतीय सैनिक खेद्ने भनेर धम्क्याएको थियो। चीनले यस्ता धम्की दिनहुँ भारतलाई दिइरहेको छ भने पहिलोपल्ट विश्व कूटनीतिक इतिहासमा युद्धको अवस्थामा बाहेक चीनले भारतीय विदेशमन्त्री सुष्मा स्वराजलाई भारतको संसदमा दोक्लामबारे भारतको दृष्टिकोण राख्दा अपशब्द प्रयोग गरेको थियो। भनिन्छ, चीनको यहि बेवकूफी भारतलाई विश्वमा सैन्य अपरेसनमा हिजोसम्म निरपेक्ष बसेका कति देशहरूले पनि ड्रैगन (चीन)लाई यसैबेला सबक सिकाउने भनेर सहयोगको वचन दिलाउन सहयोग गरिरहेको छ। हाल शत्रुता र शक्ति अलायन्स कतिसम्म भएको हो भने चीनसँग काश्मिरलाई लिएर पाकिस्तान, उत्तर कोरियालगायत कम्युनिष्ट र मुस्लिम सैन्य हावीभएका देशहरू छन् र भारतको काश्मिर, अरूणाचल आदि टुक्र्याइदिने चीनले भन्दैछ भने भारतसंग सामरिकरूपले भूटान, अमेरिका तथा विश्वका लोकतान्त्रिक गैर कम्युनिष्ट देशहरूको एक्सिस अफ पावर छ। चीनको भारतबाट काश्मिर अलग गरिदिने धम्कीको ठाउँमा भारतले एकसाथ अढाई युद्ध लड्ने (भारत, पाकिस्तान तथा भारतभित्रकै लाल/नक्सेलाईट तथा माओइस्ट आतंक) तथा पाकिस्तानको बालुचिस्तानलगायत पाकिस्तानलाई चार भागमा विभाजन गरि पाकिस्तान अधिनस्थ काश्मिरलाई भारतमा गाभ्ने अनि चीनको ताइवान र तिब्बतलाई अलग पारेर भारतको अरूणाचल पूर्णरूपले भारतमा पारेर ड्रागनलाई नाकमा नत्थी लगाउने भन्दैछ। चीनको उपप्रधानमन्त्रीस्तरीय नेपालको भेंटले नेपाललाई चीन/भारत बीच उपस्थित गराएर त्रिदेशीय शक्तिमा अलायन्स सम्भावित चीनको भारतमाथिको आक्रमण अघि नै सामेल गराएर भारतको भूटानको समर्थनमा क्षतिपूर्तिस्वरूप चीनले नेपाललाई आफूसंग राख्न चाहन्छ। यो नेपालले गर्दा हुन सक्छ नेपालका पहाडी दल, सेना, सरकारको बेवकूफीले नेपालको पञ्चशील वा असंलग्ननीतिको परित्यागले चीनको अलायन्समा नेपाललाग्ला भोली चीनका शत्रुहरूले मधेशीलाई उचालिदिए भने मधेश नेपालबाट अलग हुन सक्छ भने त्यसतो अवस्थामा चीनले नेपालको पहाडी भू-भागलाई नेपाल भनेर स्वतन्त्र नरहन्न दिन सक्छ। अर्थात्, यतिका भित्रि खेलहरूमा मधेशी जनता निरिह, नेपालका बायस्ड पहाडी मिडियाको कारणले अवस्था बुझ्न नसकिरहेको तथा मधेशी नेता र दलहरू स्थानीय निर्वाचनमा लागेर अलग छन्। यसरी केवल पहाडी जमात्को भरमा नेपालको परराष्ट्रनीति अब असंलग्नबाट संलग्नमा परिणत हुनगइ चीनतिर ढल्किन गइरहेको छ। भोली नेपाललाई केही भयो भने पहाडीहरूले सोको जिम्मा लिनुपर्दछ किनकि पहाडी राष्ट्रियता चीनमा मिसिनु प्रष्ट देखियो, जुन दुर्भाग्य हो।

**उत्तर कोरिया/चीन बनाम् अमेरिका/भारत**

यता भारत/चीनबीच दिनहुँ तनाव आइरहेको बेला उत्तर कोरियाले दिनहुँ चीनको मतियारमा अमेरिकालाई युद्धको लागि अनावश्यक धम्क्याइरहेको छ। उ.कोरियालाई खाना, लुगा, रोजगार, औषधी, जनताको शासन वा लोकतन्त्र केही छैन तर कन्टिनेन्टल ब्यालिस्टिक मिसाइलहरू भने दिनहुँ परिक्षण र भण्डार गर्ने क्षमता छ! यो चीनले पाकिस्तानलाई भारतविरूद्ध सैन्य सहयोग दिएझैं उ.कोरियालाई अमेरिकाविरूद्ध सहयोग नगरे कसले गरेको हो ? पहिल्लो पटक यस्तै मिसाइल उ.कोरियाले अमेरिकामाथि हान्ने भनेपछि अमेरिकी सैन्य अपरेसन मन्त्रीले उ.कोरियालाई 'अब धेरै भयो, कार्वाही भोग चाँडै' भन्दा चीनले 'उ.कोरियामाथि अमेरिकाले कार्वाही थाल्दा चीनले पनि छोड्दैन अमेरिकालाई' भनेकोमा स्वयं अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले 'तिमिलाई पनि यसैमा हेरिहाल्छु' भन्दै जापानलाई चीनमाथि मिसाइल र बम्ब तेर्साउ, द.कोरियालगायत अमेरिकी र सबै अमेरिकी अलायन्सलाई अपरेसनको लागि तयार भएर बस भन्नु अब युद्ध नरोकिने अवस्थामा लगभग गईसकेको बुझ्न सकिन्छ। यहाँबाट ब्याक हुन उ.कोरियाले मिसाइल परिक्षणहरू बन्द, चीनको ब्याकअप पाकिस्तान र उ.कोरियालाई बन्द, चीनको ओवरलगायत कम्युनिज्म तथा उसको साम्राज्यवादको विश्व निर्यात्, भारतमा पाकिस्तानी जेहादीहरूको इन्फिल्ट्रेसन, दोक्लाममा चीनीयाँ बाटो निर्माण स्थगन जस्ता कुराहरू पाकिस्तान, उ.कोरिया र यिनीहरूका आका चीनले दिनैपर्छ। र, संयुक्त राष्ट्रसंघले यी कुराको आश्वासन लिखित्तम पाएर डेमोक्रेटिक अलायन्सलाई दिन सक्यो भने मात्र युद्ध रोक्ने काँटछाँट छ, जुन ५०/५० प्रतिशतमा सम्भव छ।

**नेपालको भूमिका**

नेपाल हाल संघीय लोकतान्त्रि गणतन्त्रको संविधान २०७२ को कार्यान्वयनको संघारमा छ। यसमा पनि राष्ट्रिय परिचयपत्रमा संघीय, लोकतान्त्रि र गणतन्त्र शब्दहरू राख्दा एमालेहरूलाई आपत्ति आएको समाचारहरू पढेकाबाट उ कतै चीनको एकतन्त्री कम्युनिष्टिकरणमार्फत् पूर्वराजा ज्ञानेन्द्रलाई बोकेको त छैन भन्ने प्रश्न मुखरित हुन थालेको छ। यदि यस्तो हो भने ज्ञानेन्द्रको पूर्वज, वर्तमान नाताकुटुम्ब को र कहाँका हुन् अनि मधेशीलाई विदेश भनेर निजका बाह्र पुस्ताले किन हेपेर राज्य संरचनामा पस्न नदिएको र उनको वर्तमान मधेशीबारे धारणा के हो, त्यो टुँडीखेलमा गएर विश्व मिडियाको सामुमा पोजिटिभरूपमा मधेशीलाई मूलधारमा ल्याउने जिम्मा लिए भने अधिकांश मधेशी उनको फर्काइमा निरपेक्ष/चुप्कि साँध्ने अर्थात् मौन समर्थन दिन सक्छन् नत्र चीनको कम्युनिज्म नेपालमा बलियो बनाउने र मधेशीलाई उल्लू बनाउने सोचमा राजसंस्था फर्काउने दिवास्वप्न देखे भने सपना देख्न कसले रोकेको हो र ?

दोक्लाम विवादमा नेपालको पहाडी सरकार, सेना, पार्टीले चीनतिर ढल्किने चीनीयाँ नेता र सरकारको आग्रहमा निर्णयलिंदा यो नेपालको लागि हानीकारक हो भनी मधेशी अवाम्, दल आदिहरू फरकमत विश्वमञ्चमा दर्ज गर्न सक्छन्। किनकि न सरकारमा मधेशी छ हाल र न निर्णायक राज्यको संरचनामा। यो देश केवल पहाडीको देश होइन वा मधेशी भनेको पहाडीले भने जस्तै विदेशीपनि होइन। तसर्थ, चीनतिर ढल्काउनीतिको विरोध मधेशीले गर्नुपर्छ। नेपाल सरकारले नितान्त नेपालको हकमा विकास सम्झौताहरू संसारसित गर्न सक्छ तर विवादमा तानिनु हुँदैन।

हामी नबिर्सौं भारत/चीनको धक्कम-धुक्का भनेको वा उ.कोरियाको उक्साहट भनेको चीनको दादागिरी हो संसारमा उ मात्रै एक नम्बरको देश सैन्य, विश्व व्यापार, चीनीयाँ साम्राज्य, कम्युनिज्म बाँड्ने बन्ने हो। यो सम्भावित लडाईं विश्वस्तरमै लाल आतंक तथा कट्टर इस्लाम आतंकवादविरूद्धको अलायन्समा भारत, अमेरिकाहरूले गर्न लागेको हो। के नेपालका काँग्रेस, मधेशवादी दलहरू कम्युनिस्ट र इस्लाम आतंकवाद वा तीनका सपोर्टर हुन् ? होइन भने नेपालको पञ्चशीलको परराष्ट्रनीतिमा हमला गर्ने अधिकार प्रचण्डलाई, गोरखाल्याण्डमा सघाउने नेपालका कम्युनिष्टहरूको के अधिकार छ ? वा उनीहरूको राष्ट्रियता बोर्डरलेस हो वा नेपालको बारेमा केही विशेषपनि हो ? यदि काँग्रेसपनि धर्म हरायो भने मधेशीले चीनतिर पहाडी ढल्काउको विरोध गर्नैपर्छ किनकि नेपाल जोगाउनु छ र नेपालमा मधेशीमात्र देशभक्त रहेको आजसम्म नेपालको इतिहासले विभिन्न संधिसम्झौतामा संलग्न नरहेको तथा बोर्डरलाई सुरक्षा गरेको भनी देखाएको छ।

*(लेखक पाटन संयुक्त क्याम्पसमा उपप्राध्यापक हुन्)*

## जनकपुरधाममा केपी ओलीको पुतला दहन



जनकपुरधाम। संविधान संशोधन विधेयक फेल भएपछि जनकपुरधाममा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको पुतला दहन भएको छ। सोमबार व्यवस्थापिका संसदमा निर्णयार्थ पेश भएको संविधान संशोधन विधेयक फेल भएपछि मंगलबार बिहान जनकपुरधाममा राष्ट्रिय जनता पार्टी नेपालका नेता कार्यकर्ताहरूले एमाले अध्यक्ष ओलीको पुतला दहन गरेको हो। नेकपा एमाले मुर्दावाद, केपी ओली मुर्दावाद, एमालेका मधेशी नेता मुर्दावाद, राप्रपा मुर्दावाद, मधेशी एकता जिन्दावाद लगायतका नारा लगाउँदै राजपाका नेता कार्यकर्ताहरूले केपी ओलीको पुतला दहन गरेका छन्।संविधान संशोधन मुलुकको हितमा नरहेको एमालेका नेताहरूले भन्दै आएका थिए। मधेशीहरूको हकअधिकारका लागि संविधान संशोधन आवश्यक रहेको भन्दै एमालेकै कारण विधेयक फेल भएकोले ओलीको पुतला दहन गरिएको राजपा जिल्ला संयोजक परमेश्वर साहले मधेशवाणीलाई बताए।

## पर्वकै दिनमा परीक्षा नराख्न आग्रह

कपिलवस्तु। मुस्लिम समुदायको पवित्र पर्व रमजान, महानपर्व ईद (इदुलफितर) र बकर ईद (इदुलअजहा)कै दिनमा लगातार चार वर्षदेखि टियुले स्नातक तहको परीक्षा उक्त मितिमा पार्दै आएको छ। त्यसैगरि यस वर्षपनि टियुले स्नातकतहको पहिलो वर्षको परीक्षामुस्लिम समुदायको चार दिनसम्ममनाइने दोस्रो महान चाड बकरईद(इदुलअजहा)को पहिलो, दोस्रो र तेस्रो मितिमा पारेको छ। बाढीपहिरोको कारण सारीएको परीक्षा यहि २०७४।०५।११ गतेबाट सुरू हुन गैरहेको छ। जसमा १७, १८ र १९ गते मुस्लिम समुदायका महान पर्व बकरईद(ईदुलअजहा) पर्न गएकोले विद्यार्थीहरू चिन्तित छन्। मुस्लिम समुदायका केहि विद्यार्थीहरूले, हर्षोल्लासका साथपर्व मनाउने की परीक्षाकोठामा बसेर परीक्षादिने भनि गुनासो पोख्दै छन्। उनीहरूले भने, धेरै जसो परीक्षार्थीहरू बाहिर जिल्लाबाट अएका छन्। टियुले पर्वको बेला परीक्षामिति राखेकोले हामीअन्योलमा परेका छौ।सम्पूर्ण विद्यार्थी वर्ग, विद्यार्थीकाहककहितमा रहि कामगर्ने सघंसंस्था, मुस्लिमहरूको संघसंस्थाको साथै मुस्लिम समाजका अगुवा, नेतावर्ग तथाविभिन्न सरोकार वालानिकाय संग आ-आफ्नो ठाउँबाट यस वर्ष बकर ईदको दिन परेको परीक्षाको मिति सारी दिन आग्रह गरेका छन्। साथै आगामीदिनहरूमामुस्लिमवाअन्यकुनै पनिधर्मावलम्वीवा समुदायको चाड पर्व पर्ने गरि कुनै किसिमको परीक्षा सञ्चालन नगर्न सुनिश्चित गर्न सरकारलाई ध्यानाकर्षण गराएका छन्।

## संक्षिप्त समाचार

### खेतको खाल्डोमा डुबेर दुई बालिकाको मृत्यु



रौतहट। जिल्लामा डुबेर फेरि दुई बालिकाको मृत्यु भएको छ। दुर्गा भगवती गाउँपालिका-४ झिटकैया बस्ने तेजा शाहको ६ वर्षीया छोरी सिताकुमारी साह र उनको दाजु रामआधार साहको १२ वर्षीया छोरी कौशिलाकुमारी साहको मृत्यु भएको छ। सोही ठाउँस्थित झाँझ खोला नजिकै पानी जमेको खेतको खाल्डोमा खेल्ने क्रममा दुबै जनाको डुबेर मृत्यु भएको प्रहरीले जनाएको छ।

### सुरक्षाकर्मीद्वारा निःशुल्क स्वास्थ्य परीक्षण

कैलाली। सुदूरपश्चिम क्षेत्रीय प्रहरी अस्पताल दिपायलको अयोजनामा बाढी पीडितहरूको लागि सोमबार कैलाली भजनी नगरपालिका-५ स्थित उपस्वास्थ्य चौकी लालबोझीमा निःशुल्क स्वास्थ्य परीक्षण गरिएको छ। स्वास्थ्य शिविरमा ८४ जना महिला ३३ जना पुरूष र ४१ जना बालबालिकाको स्वास्थ्य परीक्षण गर्नुका साथै निशुल्क औषधी समेत बितरण गरिएको थियो।

### गाविस भवनको छतबाट लडेर मृत्यु

धनुषा। नगराईन नगरपालिका-३ लग्मा बस्ने ३० वर्षीय किशुन गिरी गाविस भवनको छतबाट खसेर मृत्यु भएको छ। सोही स्थानमा रहेको गाविस भवनको छतमा सुतिरहेको अवस्थामा छतबाट खस्न गई गम्भीर घाईते भएकाले जनकपुर अञ्चल अस्पताल लगिएकोमा उपचारको क्रममा मंगलबार मृत्यु भएको प्रहरीले जनाएको छ।

### पानी तान्ने मोटरबाट करेन्ट लागेर मृत्यु

धनुषा। पानी तान्ने मोटरबाट करेन्ट लागेर एक युवकको मृत्यु भएको छ। जनकपुर उपमहानगरपालिका-२० देवपुरा रूपैठा बस्ने १८ वर्षीय संजिव साह खेतमा सिंचाईका लागि जडान गरेको पानी तान्ने मोटर चलाउने क्रममा करेन्ट लागेर गम्भीर घाईते भएकाले जनकपुर अञ्चल अस्पताल लैजाने क्रममा मंगलबार मृत्यु भएको छ।

### दुई जना फरार प्रतिवादी पक्राउ

मोरङ। जिल्लामा दुई छुट्टाछुट्टै मुद्दाका फरार प्रतिवादी पक्राउ परेका छन्। लेनदेन मुद्दा शीर्षकमा जिल्ला अदालत मोरङको आदेशले ६ महिना कैद फैसला भई फरार रहेका प्रतिबादी बिराटनगर महानगरपालिका-१८ बस्ने ४३ वर्षीय माजो कामतलाई सोमबार प्रहरीले पक्राउ गरेको छ। यसैगरी जिल्ला अदालत मोरङमा डाँका मुद्दा दर्ता भई फरार रहेका प्रतिवादी मोरङकै बिराटनगर महानगरपालिका-१७ बस्ने ५५ वर्षीय रफुल मियालाई उनकै घरबाट सोमबार प्रहरीले पक्राउ गरेको छ। दुबै प्रतिवादीलाई प्रहरीले जिल्ला अदालत मोरङमा बुझाएको छ।

### ट्याक्टरको ठक्करबाट एकको मृत्यु

बाँके। नैनापुर गाउँपालिका-६ स्थित सडकमा जिल्ला प्रशासन कार्यालय बाँकेबाट राहतको सामाग्री लिएर आउँदै गरेको भे.१ त ७४२४ नम्बरको ट्याक्टरको ठक्करबाट एक जनाको मृत्यु भएको छ। सोमबार ट्याक्टरको ठक्करबाट गम्भीर घाइते भएका सोही ठाउँ बस्ने ५५ वर्षीय रामखेलवन मौर्यालाई तत्काल नर्सिङ होम नेपालगंज लगिएकोमा उपचारको क्रममा उनको मृत्यु भएको प्रहरीले जनाएको छ। उक्त ट्याक्टर र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

### खोलामा डुबेर युवकको मृत्यु

सर्लाही। खोलामा नुहाउने क्रममा एक युवकको डुबेर मृत्यु भएको छ। हरिपुर नगरपालिका-७ चितायन खोलास्थित रामऔतार चौधरीको होटलमा बिगत ६ महिनादेखि काम गर्दै आएका अर्घाखाँची घर बताउने ३५ वर्षीय दिपक मगरको चितायन खोलामा नुहाउने क्रममा सोमबार डुबेर मृत्यु भएको प्रहरीले जनाएको छ।

### मृत अवस्थामा फेला

रूपन्देही। बुटबल उपमहानगरपालिका-११ श्रीजनानगर स्थित तिनहुं खोलाको किनारमा एक जना मृत फेला परेका छन्। बुधबार गुल्मी ग्वादी-९ घर भई बुटबल-११ प्रगतिनगरमा डेरा गरी बस्ने रिक्सा चलाक अंदाजी ४५ बर्षीय मिलन परियार मृत अवस्थामा फेला परेका छन्।

### खोलाले बगाउँदा बालिकाहरू बेपत्ता

पर्सा। छिपहरमाई गाउँपालिका-३ झलमैया बस्ने शिब साह कानुको १० बर्षीया छोरी सुनिता कुमारी साहलाई बुधबार सोही स्थानमा रहेको ओरीया खोलाले बगाउँदा बेपत्ता भएकी छिन्। सोही स्थान बस्ने कोरा बाबु साह कानुको छोरी ९ बर्षीया सुमिन्त्री कुमारी साह, प्रभु यादबको १० बर्षीया छोरी पार्बती कुमारी यादब र सुनिता कुमारी साह घाँस काट्न जाने क्रममा उक्त खोलाले तीनै जनालाई बगाएकोमा सुमिन्त्री कुमारी साह र पार्बती कुमारी यादबलाई स्थानियबासीले देख्ननासाथ उद्दार गरेका थिए भने सुनितालाई उक्त खोलाले बगाएको थियो। स्थानीयबासिन्दाको सहयोगमा बेपत्ता भएकाहरूको खोजी गर्नुका साथै यस सम्बन्धमा स्थानीय प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### २३ केजी गाँजासहित दुई जना पक्राउ

मोरङ्ग। जिल्लाको विभिन्न ठाउँबाट २३ केजी गाँजासहित दुई जनालाई पक्राउ गरेको छ। जहदा गाउँपालिका-१ भुटाहा बस्ने ४९ बर्षीय जुगेश्वर साहलाई प्रहरीले सोमबार लागूऔषध गाँजा १२ के.जी.सहित बुढीगंगा गाउँपालिका-४ बाट पक्राउ गरेको छ। यसैगरी, मोरङ्ग बुढीगंगा गाउँपालिका-१ कोशी राजमार्गबाट प्रहरीले सोमबार को.८ प ३७९ नम्बरको मोटरसाइकलमा सवार जहदा गाउँपालिका-१ भुटाहा बस्ने २३ बर्षीय हरिचन मुँखियालाई अवैध लागूऔषध गाँजा ११ के.जी. सहित पक्राउ गरेको छ।

### चितुवाको छाला र कस्तुरीको बिनासहित पक्राउ

दाङ। रूकुम सिस्ने गाउँपालिका-८ स्यालापाखा बस्ने ६३ बर्षीय देब बहादुर बोहरा र रूकुम बाफिकोट गाउँपालिका-२ बस्ने ३३ बर्षीय हर्क बुढालाई प्रहरीले चितुवाको छाला १ थान र कस्तुरीको बिना २ तोला ३० लाल सहित पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय दाङबाट खटिएको प्रहरी टोलीले सोमबार घोराही उपमहानगरपालिका-१ सर्रा चोकमा उनीहरूलाई चेकजाँच गर्दा सेतो प्लास्टिकको बोरामा लुकाई ल्याएको अवस्थामा चितुवाको छाला र कस्तुरीको बिना बरामद भएको थियो। उनीहरूलाई प्रहरीले आवश्यक कारवाहीको लागि जिल्ला बन कार्यालय घोराहीमा पठाएको छ।

### कुखुराको चल्ला बरामद

बाँके। अवैध रूपले नेपाल भित्र्याउन लागेको सात हजार छ सयवटा कुखुराको चल्ला बाँके जिल्लाको खजुरा गाँउपालिका ४ स्थित खजुरा चोकबाट एपीएफ टोलीले बरामद गरेको छ। करीव पाँच लाख ३२ हजार रूपैयाँ बराबरको उक्त चल्ला सशस्त्र प्रहरी बल राजस्व तथा भन्सार सुरक्षा गुल्म जमुनाहबाट खटिएको एपीएफ टोलीले सोमबार बरामद गरेको हो। भे. १ च २२४१ नम्बरको जीपमा अवैध ढंगले ल्याउँदै गरेको उल्लेखित चल्ला सो गुल्मबाट सशस्त्र प्रहरी नायव निरीक्षक डिल बहादुर खत्रीको कमाण्डमा गस्तीमा खटिएको एपीएफ टोलीले बरामद गरेको हो।

### डुबेर बालिकाको मृत्यु

जनकपुरधाम। धनुषाको लक्ष्मीनियाँ गाउँपालिकाको भंगहामा आइतबार विहान एक बालिकाको डुवेर मृत्यु भएको छ। लक्ष्मीनियाँ गाउँपालिका भंगहा बस्ने राजलाल साहको १४ वर्षीय छोरी खुश्वु कुमारी साह विद्यालय जान तयार भएका थिए। सोही बेला खेतमा काम गर्दै गरेको बुवालाई नास्ता पुर्याउन जाँदै गर्दा बाटोमा बाढीले भत्काएको पानीमा डुवेर मृत्यु भएको स्थानियबासिले जनाएका छन। मृतक खुश्वु साह स्थानिय श्री निम्न माध्यमिक विद्यालय भंगहामा कक्षा ८ मा अध्ययनरत थिइन। उनी साढे ९ बजे विद्यालय जान तयार भई किताव कापी ठिक गरि सकेको बेलामा धान खेतमा बुवासहित काम गरिरहेका कामदारको लागि नास्ता लिएर जादै गर्दा सडकपेटीमै रहेको खोल्डोमा डुवेर मृत्यु भएको बताइएको छ।

# बाढीपीडितलाई दैनिक ७० रूपैयाँ खाद्यान्न खर्च दिन सुरू

## सशस्त्र प्रहरीद्वारा निःशुल्क स्वास्थ्य शिविर र सामूहिक भोजन

चन्दनकुमार यादव, राजविराज । सप्तरीका बाढपीडितलाई खाद्यान्न खर्च स्वरूप दैनिक ७० रूपैयाँ उपलब्ध गराउन थालिएको छ । सप्तरीका सिडिओ तथा दैवि प्रकोप उद्धार समितिका संयोजक भागिरथ पाण्डेले सोमवार जिल्लाको हनुमानगर कंकालिनी नगरपालिकाबाट खाद्यान्न खर्च वापतको रकम वितरण सुरू गरेका हुन् । उक्त नगरपालिकाको वडा नं. ११ स्थित सखुवा गाउँका नुनुलाल यादव र सागर यादव परिवारका ७ जना लाई प्रतिदिन ७० रूपैयाँका दरले एक महिनाको एक मुष्ट १४ हजार ७ सय रकम हस्तान्तण गरी खाद्यान्न खर्च वितरणको सुरूवात गरेका हुन् ।

दुवै जनाको घर पुर्ण रूपमा क्षति भएको र खाद्यान्न समेत नष्ट भएपछि उनीहरूलाई एकमुष्ट रकम उपलब्ध गराइएको सिडिओ पाण्डेले जानकारी दिए । बाढीका कारण घरपूर्ण रूपमा क्षति भई खाद्यान्न संकटमा रहेका सप्तरीका सम्पूर्ण पीडितको तथ्यांक संकलन भइसकेपछि अन्य स्थानमा खर्च वितरणको कार्य अघि बढाइने उनले जानकारी दिए ।

सरकारले बाढीपीडितलाई एक महिनासम्म प्रतिदिन ७० रूपैयाँका दरले खाद्यान्न खर्च दिने निर्णय गरेपछि सप्तरीमा पनि यसको सुरूवात भएको हो ।

यसैबीच सशस्त्र प्रहरी वल केन्द्रीय कार्यालयको सहयोगमा सीमा सुरक्षा कार्यालय सप्तरीको आयोजनामा सोमबारै राजविराज नगरपाकि वडा नं. ९ को मलेठमा निःशुल्क स्वास्थ्य शिविर तथा सामूहिक भोजन कार्यक्रम सम्पन्न भएको छ ।



सशस्त्र प्रहरीद्वारा आयोजित सामूहिक भोजनमा सहभागी बाढीपीडितहरू ।



बाढीमा डुबेर मृत्यु भएका कमल मुखियाका परिवारलाई दुई लाख रूपैयाँ हस्तान्तरण गरिदै ।

शिवीरमा मलेठ, वसविट्टि, मुसहर्नीया, पौवाहा, पिप्राही, थलही लगायतका करिव ९ सय जनाले स्वास्थ्य जाँच गराएको अयोजकले जानकारी दिएका छन् । डा. मिना कुँवर, डा. सुदिप क्षेत्री, रिना यादव, अनिल श्रेष्ठलगायतका स्वास्थ्यकर्मीहरूले विरामीहरूको चेकजाँच गरेको सशस्त्र प्रहरीका एसपी रामाधार यादवले जानकारी दिए ।

उक्त शिवीरमा नेपाल मारवारी सेवा समिति र मारवारी सेवा समिति सप्तरीले निशुल्क औषधी उपलब्ध गराएका थिए । एसपी यादवका अनुसार मलेठ करिव ५ सय वाढि पीडितलाई सामुहिक भोजन गराईएको थियो ।

**बाढीमा डुबेर मृत्यु भएका कमल मुखियाका परिवारलाई दुई लाख हस्तान्तरण**

बाढीमा डुबेर मुत्यु भएका कमल मुखियाका परिवारलाई रू. २ लाख हस्तान्तरण गरिएको छ ।

मंगलबार दैबि प्रकोप उद्धार समितिका अध्यक्ष तथा प्रजिअ भगिरथ पाण्डेले मुखियाका श्रीमति रामकुमारी मुखियालाई नगद रू. दुई लाख हस्तान्तरण गरेका छन् । यसअघि बाढीमा मृत्यु भएका कमल सदा, डोमी यादव र नथुनी रामका परिवारलाई राहत स्वरूप रू. २ लाख राहत वितरण गरिएको प्रजिअ पाण्डे बताए ।

**वाढी प्रभाबित क्षेत्रमा अस्थायी शौचालय निर्माण**

वाढी प्रभाबित क्षेत्रमा सबल नेपालले विभिन्न बाढि प्रभावित क्षेत्रहरूमा महिला तथा पुरूषका लागि छुटाछुटै अस्थायी शौचालय निर्माण गर्न लागिएको हो जसमा जिल्ला खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, युनिसेफ, आइडिई नेपाल तथा क्रियेशनको सहयोग तथा सहकार्य रहेको छ । यसै गरी अमेरीकि नागरीक वेलाको आर्थिक सहयोगमा प्रभावित क्षेत्रहरूको पानी समेत जाँच गर्दै गरेको जानकारी सबल नेपालका अशोक साहले दिनुभयो । यस लगायत विभिन्न संघ संस्थाहरू सँग समन्वय गरी स्वयंसेवकको रूपमा समेत काम गर्दै आइरहेको छ ।

# सशस्त्र प्रहरी बलका चिकित्सकहरूद्वारा स्वास्थ्य सेवा प्रदान



काठमाडौं । तराईका विभिन्न जिल्लाका दुई हजार तीन सय २६ जना बाढी पीडित नागरिकलाई सशस्त्र प्रहरी बल नेपालका चिकित्सकसहितका स्वास्थ्यकर्मीहरूद्वारा स्वास्थ्य सेवा प्रदान गरिएको छ । साउन अन्तिम साता परेको अविरल वर्षापछि आएको बाढी र डुवानबाट प्रभावित सप्तरी, महोत्तरी, बाँके, बर्दिया र मोरङ जिल्लाका बाढी पीडित सर्वसाधारणलाई नेपाल एपीएफ अस्पताल बलम्वु काठमाडौंबाट चिकित्सकसहित खटिएका स्वास्थ्यकर्मीहरूले स्थानीय स्तरमै पुगेर स्वास्थ्य सेवा पुऱ्याएका छन् । सशस्त्र प्रहरी बल नेपालका स्वास्थ्यकर्मीहरूले बाढी प्रभावित ठाउँका गाँउवस्तीमै पुगेर स्वास्थ्य शिविर सञ्चालन गरी पीडित स्थानीय वासिन्दाको स्वास्थ्य परीक्षण गर्नुका साथै निःशुल्क रूपमा औषधी वितरण गरेका थिए ।

पूर्व क्षेत्रमा खटिएका सो अस्पतालका डा. मीना कुवँर जोशीसहित १० जनाको स्वास्थ्यकर्मीहरूको टोलीले उक्त क्षेत्रका सप्तरी र मोरङ जिल्लाको विभिन्न ठाउँहरूमा स्वास्थ्य शिविर संचालन गरी एक हजार ६४ जना बाढी पीडितहरूमा स्वास्थ्य सेवा पुऱ्याएको छ । यसैगरी नेपाल एपीएफ अस्पतालकै डा. निशिता पाठकसहितको १० जना स्वास्थ्यकर्मीहरूको टोलीले मध्य पशिचम क्षेत्रको बाँके र बर्दिया जिल्लाका बाढी र डुवान प्रभावित ठाउँका छ सय ९१ जनाको स्वास्थ्य परिक्षण गरी निःशुल्क औषधी वितरण गरेको छ । बाढी पीडितको स्वास्थ्य उपचारका लागि सोही अस्पतालबाट डा. रोशन कुमार झासहित मध्य क्षेत्रमा खटिएका सात जना स्वास्थ्यकर्मीहरूले बाढी प्रभावित महोत्तरी जिल्लाको विभिन्न स्थानमा पुगेर पाँच सय ७१ जना पीडितलाई स्वास्थ्य सेवा प्रदान गरेका छन् ।

अविरल वर्षापछि डुवानमा परेका ठाउँहरूमा स्वास्थ्य सेवा पुऱ्याउने उद्देश्यले सशस्त्र प्रहरी बल नेपालले खटाएका एपीएफ अस्पतालका चिकित्सकसहितको स्वास्थ्यकर्मीहरूको टोलीले बाढी प्रभावित जिल्लाहरूमा स्वास्थ्य शिविर संचालन गरि पीडितहरूलाई निःशुल्क उपचार सेवा प्रदान गरेको थियो । ती क्षेत्रहरूमा साउन ३२ गतेबाट परिचालित एपीएफ अस्पतालका स्वास्थ्यकर्मीहरूको टोलीले भाद्र १ गतेदेखि ५ गतेसम्म बाढी तथा डुवान प्रभावित विभिन्न स्थानहरूमा खटिएर निःशुल्क रूपमा स्वास्थ्य परिक्षण तथा औषधी वितरण गरेको थियो ।

# हजमीनियामा पुगेन राहत, पीडितहरू आक्रोशित

राकेश यादव, राकेश यादव । रौतहट जिल्लाको हाल गठित राजदेवी नगरपालिका वार्ड नम्बर ५ हजमीनियामा बाढी आएको एक हप्ता बितिसक्दा पनि पीडितले राहत पाउन सकेका छैनन् ।

लालबकैया र बागमती खोलाबाट आएको विनाशकारी बाढीबाट घर क्षतिग्रस्त भएका पीडितहरू राहतबाट बंचित भएका छन् । हजमीनियाका साविक वार्ड नम्बर १,४,७,९ अहिले ५ नम्बर वार्डमा परिवर्तन भएका छन् । दलित समुदायका महतोको बसोवास भएको बस्तीमा बाढीले पुर्याएको क्षतिको कुनै पनि संघसस्थाले अध्ययन गर्न बस्तीमा नआएको पीडित रामसागरथ महतोले बताएका छन् । स्थानीय प्रसाशनले कुनै चासो नदेखाएको महतोको आरोप रहेको छ ।

२ सय घर भएको महतो बस्तीमा मजदूरी गर्ने व्यक्तिको बसोबास भएको हुँदा फुसको घरलाई बाढीले बढी क्षति पुर्याएको हो । घर भत्किसकेपछि बाटोमै बसेर गुजरा गरिरहेको स्थानीय जामुन महतोले गुनासो गरेका छन् ।

उनले भने, 'बाढी आएको एकहप्ता भयो एक थान पालसम्म पाएको छैन । संघीय समाजवादी फोरम नेपालको एक नेताले त्रिपाल वितरण गर्न आउँदा आफ्नो पार्टीका कार्यकर्ताहरूलाई अनुहार हेरी हेरी दिएका छन् ।' घरमा भएको १५ मन गहु र १२ मन धान बाढीबाट नस्ट भएकोले खान समस्या उत्पन्न भएको रामकवाल महतोले गुनासो गरे । महिन्द्र साह



राहत नपाएको भन्दै गुनासो गर्दै महिलाहरू ।

बनियाले किराना पसलको सामान बाढीले बगाएको दुखेसो पोखे ।

रामु महतोले अहिलेसम्म एक मुठ्ठी दाना राहतको रूपमा नपाएको दावी गरेका छन् । राम किशोर महतो, नन्दकिशोर महतो, उपेन्द्र महतो, चुल्हाई महतो, सत्य नारायण महतो, रामनारायण महतो, राकेश महतो, सुखाडी महतो समेतले राहत नपाएको सुनाउँदै स्थानीय प्रशासनको कार्य प्रति असन्तुस्टि जनाएका छन् । स्थानीय वार्ड नम्बर ३ निवासी प्रेम सागर देवी, पशुपति देवी, झलिया देवी, तारा देवी, ललिता देवी, रेखा देवी, रूक्मिणी देवीले राहतमा स्थानीय प्रशासनले विभेद गरेको भन्दै तत्काल राहत उपलब्ध गराई दिन माग गरेका छन् ।


**सार्वजनिक सम्पत्तिमा प्रत्येक नागरिकको हक छ, त्यसको दुरूपयोग दण्डनीय अपराध हो ।**

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
**सूचना विभाग**



## विश्व परिवेश

# प्रधानमन्त्री देउवाको भारत भ्रमण तस्वीरमा


भारतको राजकीय औपचारिक भ्रमणमा रहेका प्रधानमन्त्री शेरबहादुर देउवालाई भारतीय राष्ट्रपति भवनमा आयोजित विशेष समारोहमा 'गार्ड अफ अनर' प्रदान गरिँदै ।


प्रधानमन्त्री देउवालाई भारतीय राष्ट्रपति भवनमा आयोजित 'गार्ड अफ अनर' प्रदान गरिने विशेष समारोहमा सरिक हुने क्रममा स्वागत गर्दै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी ।


प्रधानमन्त्री देउवासँग भारतीय विदेश मन्त्री स्वराजको भेटवार्ता ।


देउवालाई राष्ट्रपति भवनमा प्रदान गरिएको 'गार्ड अफ अनर'


प्रधानमन्त्री देउवालाई नयाँदिल्ली विमानस्थलमा स्वागत गर्दै भारतीय विदेशमन्त्री स्वराज ।


भारत प्रस्थान गर्नु अघि त्रिभुवन विमानस्थलमा प्रधानमन्त्री देउवा ।

क्यान्सर

शरीरमा अनियन्त्रित रुपमा कोषहरुको असमान्य बृद्धि हुनुलाई क्यान्सर भनिन्छ । यो सरुवा रोग होइन ।

क्यान्सर रोग चेतावनीका चिन्हहरु :

- स्तनमा गिर्खा आउनु/गाँठागुँठी आउनु ।
- मुसा, कोठीमा परिवर्तन आउनु ।
- पाचनक्रिया र दिशा गर्ने बानीमा बारम्बार परिवर्तन आउनु ।
- लामो समयसम्म खोकी लाग्नु र स्वर परिवर्तन हुनु ।
- महिनाबारीमा धेरै रगत बग्ने अथवा अनियमित रगत बग्ने ।
- अन्य शरीरको भागबाट अनियमित रगत बग्ने ।
- कुनै घाउ वा सुजन निको नहुने ।
- शरीरका कुनै पनि अंगको कोषमा अनियन्त्रित बृद्धि हुन गई क्यान्सर हुन सक्दछ ।

तसर्थ क्यान्सर रोग लागेको शंका लागेमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी उपचार बारे आवश्यक जानकारी लिनु पर्दछ ।

जिल्ला जनस्वास्थ्य कार्यालय,
काठमाडौं, टेकू

### भारतले ४० करोड सहयोग गर्ने

काठमाडौं । बाढीपहिरोपीडितको सहयोगका लागि भारत सरकारले ४० करोड रूपैयाँ बराबरको सहयोग गर्ने भएको छ । प्रधानमन्त्री शेरबहादुर देउवालाई भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले टेलिफोन गरेर सहयोगको वाचा गरेका हुन् । प्रधानमन्त्री देउवाले सामाजिक सञ्जाल ट्विटमार्फत भारतीय प्रधानमन्त्री मोदीसँग भएको टेलिफोन वार्ताको जानाकारी सार्वजनिक गरेका हुन् । देउवाको ट्विटअनुसार मोदीले नेपालमा हालैको बाढीपहिरोबाट भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै २५ करोड भारतीय रूपैयाँबराबरको सहयोगको वाचा गरेका हुन् । २५ करोड भारूको नेपाली रूपैयाँ करिब ४० करोड हुन्छ । चीन सरकारले समेत बाढीपहिरोपीडितका लागि नेपाललाई १० करोड रूपैयाँ सहयोग गरेको छ । चीनले आपत्कालीन सहयोगस्वरूप नगद सहयोग गरेको हो । भारतले नगद र सामग्रीसहित ४० करोडबराबरको सहयोग गर्ने वाचा गरेको हो ।

### पाँच सयभन्दा बढीको स्वास्थ्य परीक्षण

बर्दिया । नेपाल प्रहरीको आयोजनामा नेपाल प्रहरी अस्पताल महाराजगंजबाट खटिएका प्रहरी उपरीक्षक डा.संजिता घिमिरे सहितको टोलीले सोमबार बर्दिया जिल्ला गुलरिया नगरपालिका-२ संगमबस्तीमा बाढीबाट विस्थापित भएका बाढी पीडितहरूका लागि स्वास्थ्य शिविर संचालन गरेको छ । शिविरमा महिला २२९, पुरूष ८३, बालबालिका १७७ र अपाङ्ग १४ जना समेत गरी ५०३ जनाको स्वास्थ्य परीक्षण गरी औषधी समेत बितरण गरिएको थियो । स्वास्थ्य शिविरमा अंचल प्रहरी कार्यालय भेरीका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक महेश विक्रम शाह, बर्दिया जिल्लाका प्रमुख जिल्ला अधिकारी बिष्णु बहादुर थापा, जिल्ला प्रहरी कार्यालय बर्दियाका प्रमुख प्रहरी उपरीक्षक भरत बहादुर बोहरा, स्थानीय जनप्रतिनिधी, संचारकर्मी लगायतको उपस्थिती रहेको थियो ।

### फोरमद्वारा बाढीपीडित परिवारलाई राहत वितरण

वीरगन्ज । वीरगन्ज महानगरपालिका वडा नं. ३२ मा लक्ष्मीपुर र इश्लाम्पुरमा दुई छुट्टै कार्यक्रम गरेर संघीय संघीय समाजवादी फोरम नेपालले युवाहरूको संस्था संस्कृतिको सहयोगमा ६० बाढीपीडित परिवारलाई राहत वितरण गरेको छ । युवाहरूको संस्था संस्कृतिको सकंलन र सहयोगमा ६० बाढीपीडित परिवारलाई फोरम नेपालका मधेश प्रदेश कोषाध्यक्ष तथा वीरगन्ज महानगरपालिकाको मेयर पदका उम्मेदवार विजय सरावगी, संस्कृतिका सदस्यहरू रोहित वर्णवाल, आशु सर्राफ, युवा नेता नासिर खान लगायत स्थानीय नेताहरूको विशेष उपस्थितिमा आयोजित कार्यक्रमबीच राहत सामग्री वितरण गरिएको संस्कृतिकी संयोजक शैली अग्रवालले बताइन् ।

### क्षत्री समाजको राष्ट्रिय अधिवेशन १७ गते हुने

काठमाडौं । क्षत्री समाज राष्ट्रिय महासंघ केन्द्रीय कार्यसमितिका पाँचौ राष्ट्रिय अधिवेशन एवं क्षत्री उद्गगार (मुखपत्र) विमोचन आगामी १७ गते हुने भएको छ । आगामी १७ गते शनिबारका दिन विजय स्मारक उच्च मा.वि. डिल्लीबजारमा महासंघको राष्ट्रिय अधिवेशन एवं मुखपत्र विमोचन कार्यक्रम हुने महासंघका अध्यक्ष विष्णुबहादुर खड्का क्षत्रीले जानकारी दिएका छन् । अध्यक्ष खड्काले विधान अनुसार केन्द्रीय प्रतिनिधि, पर्यवेक्षकहरूका लागि आगामी १० गतेभित्र केन्द्रीय कार्यालय अनामनगर हनुमानस्थान चौकमा सम्पर्क गर्न आग्रहसमेत गरेका छन् ।

## जिल्ला समाचार

### बाढीपीडित दलितहरूलाई त्रिपाल र झुल वितरण

महोत्तरी । जिल्लाको मटिहानीका बाढीपीडित दलितहरूलाई आई.एससी. फोरेस्ट्री (टियु) ब्याच नं. २०५०-२०५२ ले एक-एक थान त्रिपाल र झुल वितरण गरेको छ । बेचन कुमार महतोको नेतृत्वमा आई.एससी. फोरेस्ट्री (टियु)ले मटिहानी वडा नं. ४ र ५ का ६० जना बाढीपीडित दलित परिवारलाई एक-एक थान झुल र त्रिपाल वितरण गरेको हो । राम उच्च माध्यमिक विद्यालयमा बुधबार आयोजित राहत वितरण कार्यक्रममा स्थानीय प्रशासन, सुरक्षाकर्मी, सञ्चारकर्मी, नागरिक समाजका अगुवा लगायतको उपस्थिति रहेको थियो । ६० हजार रूपैयाँबराबरको राहत सामग्री वितरण गरिएको संयोजक महतोले जानकारी दिए ।

### माओवादी केन्द्रबाट अन्सारी उम्मेदवार

वीरगंज । नेकपा माओवादी केन्द्र पर्साले वीरगंज महानगरपालिकाको मेयरको उम्मेदवार रहवर अंसारीलाई बनाएको छ । नेकपा माओवादी केन्द्र पर्साले प्रेस विज्ञप्ति जारी गरी युवा नेता रहवर अंसारीलाई वीरगंज महानगरपालिकको मेयरको उम्मेदवार बनाएको जनाएको छ । प्रदेश नं. २ का ईन्चार्ज एवं पार्टीका केन्द्रीय सदस्य मातृका प्रसाद यादवको निर्देशन अनुसार नेकपा माओवादी केन्द्र पर्सा ईन्चार्ज उर्मिला अर्यालको अध्यक्षतामा भाद्र २ गते बसेको बैठकले सो निर्णय गरेको जनाएको छ । बैठकमा पर्सा ईन्चार्ज बिजय महतो, पोलिटव्युरो सदस्य छोटेलाल यादव, हरी मण्डलको उपस्थिति रहेको जनाएको छ । साथै केन्द्रले बाढी प्रभाबितहरूलाई तत्काल उचित व्यवस्थापन र क्षतिपूर्तिको माग समेत विज्ञप्ति मार्फत गरेको छ ।

### झोलुंगे पुल दुई वर्षमै जीर्ण

कपिलवस्तु । कपिलवस्तु जिल्लाको कृष्णनगर नगरपालिका वडा नं. १२ स्थित चरंगहवा नदीको झोलुंगे पुल जीर्ण भएपछि यहाँका बासिन्दाहरू जोखिम मोलेर यात्रा गर्दछन् । पुल अडयाउन निर्माण गरिएको पर्खालसँगैको 'फाउण्डेसन' बाढीले भत्काएपछि स्थानीय बासिन्दाहरू जोखिम मोलेर यात्रा गर्न बाध्य भएका हुन। यो क्षेत्रमा पर्ने मानपुर र जोशीडिहवा गाउँबीच ओहोरदोहोर गर्ने अर्को विकल्प नभएपछि सर्वसाधारण यही जीर्ण झोलुंगे पुलबाट आवतजावत गर्ने गरेका छन। पुलको पूर्वपट्टिको फाउण्डसेन बाढीले बगाएका कारण सर्वसाधारण करिब २० फिट हाम फालेर जोखिमपूर्ण यात्रा गर्न बाध्य भएका छन् । बाढीले पुल समेत बगाउँनलाग्दा समेत सम्बन्धित निकाय मौन रहेको सर्वसाधारणहरू बताउँछन् ।

### औद्योगिक क्षेत्रका उद्योगीहरूको गुनासो

चन्द्रकान्त खनाल, रूपन्देही । बुटवल औद्योगिक क्षेत्रका उद्योगीहरूले व्यवस्थापन पक्षले मनपरी गर्न थालेको गुनासो गरेका छन् । औद्योगिक क्षेत्रको विकासमा नभइ अस्तव्यस्त वनाउने खालका गतिविधि गर्न लागेको उद्योगीहरूले गुनासो गरेका छन् । पटक पटक नाली बनाउन माग गर्दा व्यवस्थापन कार्यालयले बेवास्ता गर्दा हालैको वर्षाबाट झण्डै करोडको क्षती उद्योगीहरूले ब्यहोनुपरेको भन्दै उनीहरूले क्षतीको विवरण लिने काम सम्म नभएको बताए । औद्योगिक क्षेत्र ब्यवस्थीत गर्न धेरै काम गर्न सकिन्छ तर कुनै पनि योजनाबारे उद्योगीसग समन्वय नै हुदैन उनीहरूले भने । शान्ति सुरक्षा देखि धेरै समस्याहरू छन, समस्या हल गर्न भन्दा उल्टै गेट बाहिर कर्मचारीका आफन्तले भट्टी पसल सञ्चालन गर्दा झन बढी विकृति बढेको छ, उद्योगीहरूले भने ।

### सेनाद्वारा निःशुल्क स्वास्थ्य शिविर

सुनसरी । बाढीबाट प्रभावित पीडितहरूलाई लक्षित गरी ईटहरी स्थित श्री पुर्वी पृतना हे.क्वा.ले सुनसरी जिल्लाको हरिनगरा गाउँपालिका ६ धुस्कीमा १ दिने निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको छ । उक्त स्वास्थ्य शिविरमा नेपाली सेनाका ४ र वि.पि.कोइराला स्वास्थ्य विज्ञान संस्थान, धरानका १ गरी ५ जना डाक्टर सहितको मेडिकल टोलीद्वारा महिला ७७१ र पुरूष ३६८ गरी जम्मा ११९३ जनाको स्वास्थ्य परीक्षण गर्नुको साथै निःशुल्क औषधि वितरण समेत गरेको थियो । सो शिविरमा रूघाखोकी, ज्वरो, घाउखटिराका विरामीहरूको संख्या केही बढी देखिएको थियो ।

### एमालेको सम्पर्क कार्यालय उद्घाटन

वीरगंज । नेकपा एमाले वीरगंज महानगरपालिका वडा नं. २६ सुगौलीमा नेकपा एमाले वडा सम्पर्क कार्यालयको उदघाटन एवं पार्टी प्रवेश कार्यक्रम सम्पन्न भएको छ । आउँदो असोज २ गते हुने लागेको स्थानीय तह निर्वाचनलाई मध्यनजर गर्दै नेकपा एमाले सुगौलीमा सम्पर्क कार्यालयको सोमबार एक समारोहका बीच नेकपा एमाले प्रदेश कमिटी सदस्य चिरञ्जीवी आचार्यले उदघाटन गरेका छन् । सो अवसरमा ध्रपनारायण प्रसाद कुर्मी, सुनील कुमार पटेल, अरूण कुमार साह, राजकुमार राउत, जगदिश प्रसाद कुर्मी, पानालाल प्रसाद, भागरीत राउत, जियन मिया अंसारी, रूसतम अंसारी, सदाम अंसारी हुसैन, फरमुल्लाह अंसारी, जवाहिर मिया, जंगबहादुर प्रसाद लगायत सयौंको संख्यामा नेपाली कांग्रेस, नेकपा माओवादी, राजपा, फोरम नेपाल लगायतका पार्टी परित्याग गरी नेकपा एमालेमा प्रवेश गरेका थिए ।

### बस दुर्घटनामा दुईको मृत्यु, २१ घाइते

कैलाली । कैलाली बस दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ भने २१ जना घाइते भएका छन् । धनगढीबाट डोटीको विपीनगर जाँदै गरेको ना ४ ख ५६३५ नम्बरको बस सडकबाट करीव १५० मिटर तल खसेको थियो । २५ जना यात्रु बोकेको बस सोमबार दिउँसो १ बजेतिर चुरे गाउँपालिका वडा नम्बर ५ खानीडाँडामा दुर्घटनामा परेको हो । मृतकहरू डोटी जोरायल गाउँपालिका-५ का ७० वर्षीय नर बहादुर देउवा र कैलाली जोशीपुर गाउँपालिका-५ की ४८ वर्षीया दुर्गा देवी मल्ल रहेका छन् । घाइतेहरूको अत्तरीयास्थित पदमा अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ । १ जनालाई थप उपचारको लागि भारतको हल्द्वानी रिफर गरिएको हो ।

### नेता विजय सरावगी सम्मानित

वीरगन्ज । संघीय समाजवादी फोरम नेपालका मधेश प्रदेश कोषाध्यक्ष तथा वीरगन्ज महानगरपालिकाको मेयरका उम्मेदवार विजय सरावगीलाई माच्छापुच्छ्रे बैंक वीरगन्ज शाखाले सोमबार सम्मान गरेको छ । कुशे औसी तथा बुवाको मुख हेर्ने दिनको उपलक्ष्यमा बैंकले प्रत्येक वर्ष गर्दै आएको कार्यक्रमअन्तर्गत नेता सरावगीलाई सम्मान गरिएको जनाइको छ । वीरगन्ज शाखाले बैंकबाट हुने कारोबारअन्तर्गत उत्कृष्ट ग्राहकहरूलाई गर्ने सम्मान कार्यक्रम अनुसार नेता सरावगीलाई सम्मान गरिएको बैंकका सहायक प्रबन्धक विनेस ठाकुरले बताए ।

### झाडापखालाले दुईको मृत्यु

मो.इमरान खान, कपिलवस्तु । कपिलवस्तुमा झाडापखालाको महामारीले दुई जनाको मृत्यु भएको छ । कपिलवस्तुको महाराजगंज नगरपालिका वडा नं.७ को सत्भरा र गंगौडी गाउँमा फैलिएको झाडापखालाको कारण १५० भन्दा बढि मानिसहरू विरामी भएको स्थानीय स्रोतबाट जानकारी प्राप्त भएको छ । गघौंडीका जमुना चमारकी श्रीमती ३५ वर्षीया शान्तिदेवी चमार र सत्भराका चैतराम रैदासका ८ वर्षीय छोरा तारेस रैदासको दुई दिनदेखि सुरू भएको झाडापखाला र वान्ताको कारण ज्यान गएको शिवराज अस्पतालका चिकित्सक राहुल झाले बताएका छन् । कुसहवा हेल्थपोष्टमा अहिलेसम्म १५० भन्दा बढी झाडापखालाका विरामीहरू उपचार गराउन आएको कुसहवा हेल्थपोष्टका ईन्चार्ज जयनारायण पण्डितले वताएका छन् । सत्भरा गाउँमा एकै परिवारका सातजना समेत विरामी परेको बताइएको छ ।

### साढे ११ केजी चरेशसहित पक्राउ

बाँके । नेपालगंज उपमहानगरपालिका-४ सलयानीबाग नजिकबाट प्रहरीले लागूऔषध चरेश ११ के.जी. ५ सय ग्राम सहित राप्ती सोनारी गाउँपालिका-५ बिनौना घर भई नेपालगंज उपमहानगरपालिका-४ बस्ने सोप बहादुर पुनलाई पक्राउ गरेको छ । पुनले उक्त लागूऔषध रूकुम घेटमा-७ घर भई नेपालगंज उपमहानगरपालिका-५ बस्ने दिप कुमारी पुनसंग ल्याएको खुल्न आएपछि प्रहरीले दिप कुमारी पुनको कोठा खान तलासी गर्दा सुत्ने खाटमुनी प्लाष्टिकको थैलोमा राखेको २१ के.जी.२ सय ग्राम चरेश र ढक तराजु समेत फेला परेको थियो । प्रहरीले सुर्खेत डाडाखाली- ६ घर भएका प्रेमा चन्द र बर्दिया बढैया ताल गाउँपालिका-१ बस्ने २० बर्षीया हिरा बुढा समेतलाई नियन्त्रणमा लिएको छ । प्रहरीले अनुन्धानको क्रममा प्रेमा चन्दले नेपालगंज उपमहानगरपालिका-४ बसपार्क नजिक संचालन गरेको मन्जु होटलमा चेकजाँच गर्दा उक्त होटलमा कोठा भाडामा लिई बसेका रूकुम आठबिस्कोट नगरपालिका-९ बस्ने ४२ बर्षीय दत्त बहादुर मल्ल सुत्ने कोठाबाट १ के.जी.को पथ्थर जस्तो देखिने ढुङ्गा समेत फेला पारेपछि निजलाई समेत नियन्त्रणमा लिएको छ ।



संघीयता र समावेशिता विरोधी भएकोले एमालेले संविधान संशोधन हुन दिएन। संविधान सिध्याउन र मधेश पहाडबिच झगडा लगाएर देश टुक्राउन लागेको छ एमाले। **विमलेन्द्र निधि**



मधेशीका दुश्मन केपी ओली, माधव नेपाल, झलनाथ खनाल, भिम रावल होइनन्। दुश्मन रघुवीर महासेठ, शत्रुधन महतो, लालबाबू पण्डित लगायतका मधेशी नै हुन्। पुतला यिनीहरूको चल्नुपर्छ मधेशले यिनीहरूलाई बहिष्कार गर्छ। **राजिव झा**



यसपटकको बाढी र डुबान प्राकृतिक प्रकोप होइन, राज्यले गरेको अपराध (चुरे दोहन) को परिणाम हो। **अनिलकुमार कर्ण**



एक छिनको लागि एमाले मधेशी विरोधी त सावित भयो नै तर राजपा र मधेशी दलको पनि औकात सत्ता र भत्ता त्याग गर्ने कि नगर्ने ठुलो अग्नि परिक्षा दिने समय आएन र ? **अनन्त अनुराग**



बिगतमा पद र पैसाको भुमरीमा फस्दै आएको मधेशका मुदाहरू यसपालि भारू, युआन र डलरले ओझेलमा पर्ने देखियो संविधान संशोधन विधेक संसदमा फेल हुनेको प्रमुख दोषी राजपाको अध्यक्ष मण्डली नै हो। अरू कोही-कसैलाई दोष लगाउनु मुर्खता हुन्छ की। **डा. मनोज मुक्ति**



संविधान संसोधन ठुला ३ दल मिलेर असफल गराएको हो भन्ने जवसम्म स्विकार्दैन, तवसम्म राजपालगायत दलले राजनीति बुझेन भनेर मान्नुपर्ने हुन्छ। संशोधन प्रक्रियाको मतदानमा राजपासमेतले भाग लिएर संविधानलाई सर्वसम्मत वनाएका छन्, यसैका जगमा राजनीतिक सहमति गरेर अब अघि बढनुपर्छ। **प्रकाश तिमिल्सना**



मधेशमा बाढीभन्दा धेरै आतंक र पीडा त राजेन्द्र महतोजस्ता आयातीतहरूको छ। स्वदेशमै गरिखाऊ भन्दै पठाइदिने हो भने मधेश आफैं तङ्गिन्छ ! मधेश बाढीमा डुबिरहँदा पनि सिन्को नभाँच्ने कथित मधेशवादी दलको ढाड संविधान संशोधन मुद्दाले भाँचिदियो। **लेनिन बञ्जाडे**



राजपा नेपाल र मधेशवादी दलका सबै संसदहरूले नेपालको संसदबाट राजीनामा दिनुपर्छ। आजको आवश्यकता मधेश संसद र महन्थ ठाकुर राष्ट्रपति, राजेन्द्र महतो प्रधानमन्त्री, बिजय गच्छदार उपप्रधानमन्त्री, उपेन्द्र यादव गृहमन्त्री, अरू सबै उच्चस्तरीय मधेशी नेताहरूलाई मन्त्री र गजेन्द्रनारायण सिंहलाई राष्ट्रपिताको नेतृत्वमा मधेश सरकार गठन गर्नुपर्छ। **शैलेस उपाध्याय**



हो, मधेशमा हालसम्म हिन्दी नै सम्पर्क भाषा हो। तर एक जिज्ञासा, हिन्दी स्थापित गर्न लड्दाको समय अवधिमा त नेपाली नै सिकाउन सकिन्थ्यो नि, हैन र ? मनिष झा



एमालेका सांसदहरूले आफ्नो एक महिनाको तलव करिब १ करोड तराई/मधेशका बाढ़ी पिडितहरूलाई दिनुभयो। तर, मधेश केन्द्रित दलका नेताहरूबाट सहयोगको घोषणा किन भएन ? **मोहम्मद रियाज साफी**

## सरकारले दीर्घकालीन समाधान...

कतिवटा राज्यद्रोहको मुद्दा झेलेको सबैलाई अवगतै छ। यहाँ त बोल्न समेत छुट छैन भने गर्न के छुट हुन्छ। जनताले चन्दा उठाएर कल्भर्ट बनाउन सक्दैन। त्यसका लागि पनि सरकारको अनुमति चाहियो। भनेपछि जनताले प्राथमिक काम गर्न सक्ने भनेकै शसक्त तरिकाले आवाज उठाउने। नेपाल सरकारले यहाँ गर्नुपर्‍यो या त छोडेर जानुपर्‍यो। हामी कर तिर्दैनौं भनेर यसलाई आन्दोलनको रूपमा अगाडि बढाउनुपर्छ। राज्यको यस्तो रवैयाले प्रष्ट भएको छ कि त्यो मधेशको सरकार हुँदैहोइन।

**० जनताले कस्तो किसिमको नीति अवलम्बन गर्नुपर्‍यो ?**

– कुनै पनि देशको जनता नै सर्वशक्तिमान हुन्छन्। राज्यसँग चाहे जति प्रहरी सेना भएपछि जनता नै ठूलो हुन्छ। जुन सरकारले राहत पनि बाँड्न सक्दैन भने त्यसलाई किन कर बुझाउने त ? त्यो प्रतिवाद गर्ने क्षमता जनतामा पनि हुनुपर्‍यो।

**० कर सरकारलाई नदिएर कसलाई दिनुपर्ने ?**

– नेपाल सरकारले मधेशको समस्यालाई समाधान गर्न सक्दैन भने मधेशले आफ्नै सरकार बनाउँछ। जुन सरकार विपत्का बेला काठमाडौंबाट मधेश झर्नै सक्दैन त्यो सरकारलाई यहाँबाट किन मान्ने ?

**० अधिकारका लागि यति आन्दोलन पनि भयो नि ?**

– आन्दोलनबाट मधेशीले कुन अधिकार पायो ? राहत पाउनुपर्ने अधिकार पनि सरकारले खोसिरहेको छ, त्यो अधिकार होइन। डुबिरहेका मानिसलाई एक प्याकेट चाउँचाउँ र नुनका पाउनका लागि मधेशी अधिकार खोजेको हो ? यो कुरा सबैले मनन गर्नुपर्‍यो। सरकारका प्रतिनिधिहरूले दुई लाखको हेलिकप्टर चार्टर गर्छन् र १० हजारको कुहिएको चामल फालेर जान्छन् र त्यसलाई राहत भनेर प्रचार गर्छन्। यस्तो तरिकाले पनि राहत उद्धार हुन्छ कहीं ?

**० अन्त्यमा, के भन्न चाहनुहुन्छ ?**

– सरकारले जे जस्तो निर्देश दिएपनि केही पनि गर्न सकेको छैन। त्यसैले सरकारले भनेको कुरा हामीले मान्नुपर्ने आवश्यकता छैन। त्यसैले हामी अवज्ञा आन्दोलनको रूपमा अगाडि बढौं। (पहिलोपोष्टले डा. राउतसँग गरेको कुराकानीको सम्पादित अंश)

# बाढीपीडितलाई राष्ट्रपतिको एक महिनाको तलब

काठमाडौं। तराई-मधेशका बाढीपीडितलाई राष्ट्रपति बिद्यादेवी भण्डारीले आफ्नो एक महिनाको तलब बराबरको रकम उपलब्ध गराएकी छन्। सोमबार राष्ट्रपति कार्यालयद्वारा जारी विज्ञप्तिमा राष्ट्रपति भण्डारीको एक महिनाको तलब प्रधानमन्त्री राहत कोषमा जम्मा हुने गरी प्रदान गरिएको जनाइएको छ।



राष्ट्रपति विद्यादेवी भण्डारी

साथै, सोहि कोषमा जम्मा हुने गरि राष्ट्रपतिका विज्ञहरूबाट सात दिनको, सचिवहरू (स्वकिय सचिव समेत) बाट पाँच दिनको, सहसचिवहरू (स्वकिय समेत) बाट तीन दिनको, उप सचिव तथा शाखा अधिकृतहरू (स्वकिय समेत) बाट दुई दिनको तथा सहायक स्तरका सबै कर्मचारीहरू (स्वकिय समेत) बाट एक दिनको तलब बराबरको रकम प्रधानमन्त्री राहत कोषमा जम्मा गरिएको राष्ट्रपति कार्यालयका प्रवक्ता मोहन प्रसाद वाग्ले जनाएका छन्।

## महिला सशक्तीकरणका लागि भारतीय सहयोग

काठमाडौं। भारत सरकारले नेपाली महिलाको जीवन सुधार, सशक्तीकरण र जागरूकता कार्यक्रमका लागि आर्थिक सहयोग गर्ने भएको छ। त्यससम्बन्धी सम्झौता पत्रमा नेपालस्थित भारतीय दूतावास र नेपाल-भारत महिला मैत्री समाजबीच हस्ताक्षर भएको छ। ती कार्यक्रम भक्तपुर, चितवन, सर्लाही र महोत्तरी जिल्लामा सञ्चालन हुनेछन्। यसका लागि भारत सरकारको सानो विकास कार्यक्रम योजनाअन्तर्गत ३१ लाख ९४ हजार नेपाली रूपैया आर्थिक सहयोग हुनेछ। यस कार्यक्रममार्फत महिलाको जनजीविका र उनीहरूको सशक्तीकरण तथा जागरूकता ल्याउन विभिन्न प्रकारको कार्यशाला



महिला सशक्तिकरणका लागि भारतीय सहयोग प्रदान गर्ने प्रतिबद्धता पत्र हस्तान्तरण।

तथा सीप विकाससम्बन्धी तालिमहरू प्रदान गरिनेछ। समाजले महिलाहरूका लागि सिलाई-कटाई, व्युटिसिएन, बजार प्रवर्द्धनजस्ता कार्यक्रममार्फत महिलाहरूको सीममूलक तालिम दिनेछ।

## नेपाल-भारत महिलामैत्री समाजद्वारा बाढीपीडितलाई त्रिपाल वितरण

महोत्तरी। बाढीबाट अतिप्रभावित दलित तथा विपन्न परिवारहरूलाई नेपाल-भारत महिलामैत्री समाजले राहतस्वरूप त्रिपाल वितरण गरेको छ। बाढीका कारण घरको छानासमेत नरहेका दलित तथा विपन्न परिवारहरूलाई समाजले त्रिपाल वितरण गरेको छ। समाजले मटिहानी नरपालिकाको वडा नं. ६, ७ र ८ मा दुई सय ७५ घरपरिवारलाई राहतस्वरूप त्रिपाल वितरण गरेको हो। समाजले आइतबार र सोमबार गरी दलित तथा विपन्न परिवारलाई त्रिपाल वितरण गरेको




बाढीपीडित वृद्धालाई त्रिपाल हस्तान्तरण गर्दै समाजकी अध्यक्ष चन्दा चौधरी।

समाजकी अध्यक्ष चन्दा चौधरीले मधेशवाणीलाई बताइन्। स्थानीय प्रशासनको रोहवरमा राहत वितरण कार्यक्रममा भएको उनले बताइन्। अध्यक्ष चौधरीका अनुसार बाढीबाट अतिप्रभावित जिल्ला रौतहट र सर्लाहीमा समेत राहत सामग्री वितरण गरिनेछ।

## समाजसेवी सिंहद्वारा दलित बालकको ज्यान जोगाउन सहयोग

राकेश यादव, रौतहट। भनिन्छ, कुन रूपमा भगवान आउँछ थाहा हुँदैन। यस्तै रौतहटमा एक गरीव असहाय दलित समुदायका परिवारलाई एक व्यक्ति उनको लागि भगवानको रूप प्रमाणित भएका छन्।

रौतहटको साविक गाविस ब्रह्मपुरी हाल राजदेवी नगरपालिका वार्ड नंबर ९ निवासी प्रभु महरा चमारको आठ वर्षीय छोराको जीवन बचाउने प्रयास गरेका स्थानीय युवा समाजसेवी नविन कुमार सिंह उनको लागि भगवानको रूपमा आएका हुन्।

मानसिक रोगका शिकार रहेका महराको श्रीमती एक खुट्टाले अपांग छिन्। आठ वर्षीय छोरा सुमित कुमार तीन महिनादेखि ज्वरो र छातीको रोगबाट ग्रसित रहेकोमा



उपचार गराउन सक्षम समेत नभएका सुकुमवासी महराको छोरालाई समाजसेवी सिंहले आफ्नो खर्चमा उपचारका लागि वीरगंजस्थित नारायणी उपक्षेत्रीय अस्पतालमा भर्ना गराएकोमा छोराको जीवन जोगिन सक्ने पीड़ित परिवारको आशा जागेको हो।

दैनिकी जीवन बिताउन तथा एकछाक भूख मिटाउंन हातमुख जोड्नु पर्ने अवस्था रहेको महरा परिवारले छोराको रोग निको हुन्छ भनी आशा गुमाएका थिए। तर युवा समाजसेवी सिंहको सहयोग पाएपछि छोरा सकुशल हुने विश्वास पीड़ित परिवारमा जागेको हो।

फुसको घरमा जीवन बिताउँदै आएका महराको घर गएको २९ गते आएको विनाशकारी बाढीले बगाइसकेको छ। घरवारविहीन भएका परिवारको वंशको जीवन जोगाउने कार्यमा सहयोग गर्नलाई समाजसेवी सिंहले इच्छुक व्यक्तिसँग अपीलसमेत गरेका छन्।

पीडित सुमित कुमारलाई अस्पतालमा भर्ना गराइएको छ। अस्पतालको बेड नम्बर ३८ मा रहेको सुमितको उपचारमा सहयोग गर्न चाहने व्यक्तिले भेटेर सहयोग दिन सक्ने छन्। अस्पतालको तर्फबाट सिंहको पहलमा नि:शुल्क खाना तथा औषधिहरू उपलब्ध गराइएको छ।

## आर्थिक समाचार

### ग्लोबल आइएमईद्वारा ६५ लाख सहयोग



काठमाडौं। ग्लोबल आइएमई बैंकले तराई लगायत मुलुकका विभिन्न भागमा आएको बाढी पहिरो पीडितलाई तत्काल राहत पुर्‍याउनका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ६५ लाख रूपैयाँ हस्तान्तरण गरेको छ। प्रधानमन्त्री निवास, बालुवाटारमा शुक्रबार आयोजित कार्यक्रममा ग्लोबल आइएमई बैंकका अध्यक्ष चन्दप्रसाद्र ढकालले उक्त रकमको चेक प्रधानमन्त्री शेरबहादुर देउवा समक्ष हस्तान्तरण गरेका छन्। कुल रकममध्ये बैंकले आफ्नो तर्फबाट रू. ५१ लाख तथा बैंकमा कार्यरत सम्पूर्ण कर्मचारीहरूको १ दिनको तलब बराबर हुन आउने १४ लाख रूपैयाँ गरी कुल रू. ६५ लाख रूपैयाँ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा प्रदान गरिएको हो। उक्त कार्यक्रममा ग्लोबल आइएमई बैंकका प्रमुख कार्यकारी अधिकृत अनिल ज्ञवाली, वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृत जनक शर्मा पौड्याल लगायतको उपस्थिति रहेको थियो। अध्यक्ष ढकालले विगतमा पनि बैंकले आफ्नो सामाजिक उत्तरदायित्व वहन गर्दै मुलुकमा विभिन्न समयमा आइपरेका प्राकृतिक प्रकोपमा सहयोग प्रदान गरेको स्मरण गराउँदै अहिले पनि मुलुकमा आइपरेको विपत्तिको सामना गर्न सरकारलाई सहयोग गरेको जानकारी दिए। उनले भविष्यमा पनि देशमा आइपरेका यस्ता विभिन्न विपत्तिहरूबाट पीडितहरूको सहयोगार्थ बैंक सधैं तत्पर रहिरहने प्रतिबद्धता जाहेर गरे।

### सिभिल बैंकको आयोजनामा रक्तदान कार्यक्रम सम्पन्न

वीरगन्ज। सिभिल बैंक लिमिटेड वीरगंज शाखाले वीरगंजमा रक्तदान कार्यक्रम सम्पन्न गरेको छ। महावीर स्थानस्थित बैंकको परिसरमा अयोजित कार्यक्रममा ८ जना महिलासहित १ सय २१ जनाले रक्तदान गरेका छन्। कार्यक्रममा सिभिल बैंक लिमिटेड वीरगंज शाखाका क्षेत्रीय प्रमुख दिपक कुमार श्रेष्ठ, रक्त सञ्चार केन्द्र वीरगंजका प्रविण मानन्धर, सिभिल बैंकका ऋण अधिकृत संतोष साह बैंकका कर्मचारीहरू कुलभुषण मल्लिक, आरती मण्डल, बिकाश जंग राणा, दिवशकुमार सर्राफ, प्रशान्त कर्ण, कृष्ण कुमार पौडेल, ठाकुर लम्साल, शैलेन्द्र यादव, सुमित राई, मेरिना श्रेष्ठ लगायतको उपस्थिति रहेको थियो। बाढी पहिरो लगायत अन्य प्रकोपले गर्दा बिरगंज क्षेत्रमा रगत अभाव देखिनआएकोले अभाव परिपुर्ति सन्दर्भमा यस बैंकले व्यवसायिक सामाजिक उत्तरदायित्व अन्तर्गत रक्तदान कार्यकम सन्चालन गरिएको सिभिल बैंकका ऋण अधिकृत संतोष साहले जानकारी दिए।

### लम्बिनी बैंकद्वारा रक्तदान

काठमाडौं। लम्बिनी विकास बैंक लिमिटेडले शनिबार लायन्स क्लब इन्टरनेसनल तथा स्थानीय सामाजिक संस्थासँग सहकार्य गरी रक्तदान कार्यक्रम आयोजना गरेको छ। टोखा नगरपालिका-६ स्थित बैंकको टोखा शाखापरिसरमा रक्तदान कार्यक्रम आयोजना गरिएको हो। रक्तदानका लागि बैंकका कर्मचारी, क्लबका सदस्य, सामाजिक संस्थाका प्रतिनिधिका साथै स्थानीयको उल्लेख्य सहभागिता थियो। कार्यक्रम अवधिभर ७० जनाले रक्तदान गरेका थिए।

### चेम्बरद्धारा राहत सामाग्री हस्तान्तरण

काठमाडौं। नेपाल चेम्बर अफ कमर्सले बाढीपहिरोपीडितका लागि संकलित राहत सामाग्री सरकारलाई हस्तान्तरण गरेको छ। चेम्बरका अध्यक्ष राजेशकाजी श्रेष्ठको अगुवाईमा आइतबार गएको चेम्बर प्रतिनिधिमण्डलले सिंहदरबारमा गृहमन्त्री जनार्दन शर्मालाई भेटी संकलित राहत सामाग्री हस्तान्तरण गरेको हो। बाढीपीडितका लागि राहत संकलन गर्न चेम्बरद्धारा गठित 'डिजास्टर मेनेजमेन्ट सेल' का संयोजक एवं चेम्बरका उपाध्यक्ष राजेन्द्र मल्लगायतको सहभागितामा गएको प्रतिनिधिमण्डलले पहिलो चरणमा औषधि, खाद्य सामाग्री, त्रिपाल, टेण्ट, म्याट्रेस, लत्ताकपडालगायतका राहत सामाग्री मन्त्री शर्मालाई हस्तान्तरण गरेको हो।

## विशेष सेवा सम्मानबाट झा सम्मानित

काठमाडौं। नेपाल टेक्निकल इस्टिच्युटका संस्थापक अध्यक्ष विजयकुमार झा प्राविधिक शिक्षाको क्षेत्रमा विशेष सेवा पुर्‍याएवापत विशेष सेवा सम्मान - २०७४ ले सम्मानित भएका छन्। फोकस नेपालको पाँचौ वार्षिकोत्सवको अवसरमा आयोजित



विशेष समारोहमा अध्यक्ष झालाई रक्षा मन्त्री भिमसेन दास प्रधानले विशेष सेवा सम्मान २०७४ बाट सम्मान गरेका हुन्। कार्यक्रममा रक्षामन्त्री प्रधानले झाले राष्ट्रिय तथा अन्तराष्ट्रिय शैक्षिक तथा सेवामुलक संस्था मार्फत राष्ट्र विकास र निमार्णमा पुर्‍याउनुभएको योगदानको प्रशंसा गरे। जनकपुर तथा तराई-मधेश क्षेत्रमा नेपाल टेक्निकल इन्स्टिच्युट र सेन्ट्रल इन्जिनियरिङ्ग कलेजको स्थापना गरी अध्यक्ष झाले दुई दशक भन्दा बढी समयदेखि प्राविधिक शिक्षामा बिताएका छन्।







**मिथिला दर्शन टी.भी.**

कार्यक्रम हेर्न नभुल्नु होला।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुन: प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ।

**विशेष जानकारीका लागि सम्पर्क**

**मोबाइल : ९८४३१४६४८८**

**कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि**

Email : bsmedia65@gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं